# पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

स्वर्गवासी रामजी तेवारीसम्बन्धी अङ्क

(१ सङ्ख्या)

५६

पूर्णाङ्क

संशोधन–मण्डल

का. मे. अ. द. नं. १२२।२४९

तदिह न गुणदोषौ योजनीयावलीको

कथमपि महता यत् संस्कृतोऽयं श्रमेण

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

१४ वर्ष ४ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक—

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक—

देवीप्रसाद भण्डारी

(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १३।–

# विषय–सूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | हाम्रो वक्तव्य | | २ |
| २. | पाटनको कृष्णमन्दिर | — रामजी तेवारी | ३–५ |
| ३. | मन्त्री वंशीधर | — रामजी तेवारी | ५–७ |
| ४. | जैसीदेवल | — रामजी तेवारी | ८–१० |
| ५. | वि. सं. १८४३ देखि १८५९ सम्मका पात्राका टिपोट | — रामजी तेवारी | ११–१९ |
| ६. | वि. सं. १८६१ को पात्रोको टिपोट | — रामजी तेवारी | २०–२२ |
| ७. | न्हु:पुखु वा रानीपोखरी | — रामजी तेवारी | २२–२५ |
| ८. | श्री ५ सुरेन्द्रकी बडामहारानी सुरराजलक्ष्मीदेवीले श्री ३ जङ्गबहादुरलाई लेखेको पत्र | — रामजी तेवारी | २६–२७ |
| ९. | विक्रमसंवत् र ईसवी संवत्‌को परिवर्तन | — रामजी तेवारी | २८–३६ |



## संशोधन–मण्डलका प्रकाशित कृति

| | | |
|---|---|---|
| १. | पूर्णिमा १ देखि ५६ अङ्कसम्म | २९६/५० |
| २. | अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७/५० |
| ३. | इतिहास–संशोधन | ५०/– |
| ४. | सावधान–पत्र | २५/– |
| ५. | विद्या–रक्षा | २०/– |
| ६. | व्याकरण–संशोधन | ३/५० |
| ७. | पञ्चाङ्ग–संशोधन | १५/– |
| ८. | बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर | २/– |
| ९. | रत्नदीप | २/५० |
| १०. | वृत्तशतक | ३/– |
| ११. | नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य | ५/– |
| १२. | श्री ३ महाराज पद्मशमशेरका कुरा | १२/– |

# स्वर्गबासी रामजी तेवारीका अप्रकाशित कृति

# हाम्रो वक्तव्य

आफूले खोजेका अभिलेखलाई नियमित रूपले प्रकाशित गर्दै जाने विचार गरी हामीले (रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलले) वि. सं. २०१८ देखि संशोधन–मण्डलद्वारा अभिलेख–संग्रह नाउँले त्रैमासिक पत्रिका प्रकाशित गर्न शुरू गर्‍यौं। त्यस अभिलेख-संग्रहमा हामीले मूल अभिलेख मात्र दिने गरेको र तिनका उल्था, व्याख्या आदि नपारेको हुनाले त्यो पत्रिका लोकप्रिय हुन नसकेको हामीले बिस्तारै अनुभव गर्दै गयौं। यसैले हामीले पहिल्यैदेखि फाटफुट रूपमा निकाल्दै आएको इतिहास–संशोधन र अहिले नियमित रूपमा निकालिरहेको अभिलेख–संग्रहको समष्टिको रूपमा र इतिहाससम्बन्धी नयाँ नयाँ खोजी परेका निबन्ध पनि समाविष्ट गरी सर्वाङ्गपूर्ण पत्रिका व्यवस्थित ढङ्गले चलाउने विचार हामीले गर्‍यौं। इतिहासप्रधान त्यस्तो पत्रिका छाप्न थाल्नुभन्दा अगाडि अनुभवको लागि लेखोट रूपमा त्यस्तो पत्रिका चलाउने विचार हाम्रो भयो। यसअनुसार गौतमवज्र वज्राचार्यको विशेष उत्साह र सम्पादकत्वमा नेपालको इतिहास शुद्ध र पूर्ण पार्ने कामना राखी पूर्णिमा नाउँले इतिहासप्रधान मासिक पत्रिका वि. सं. २०२० साउनदेखि लेखोट रूपमा निस्कन थाल्यो। त्यस पत्रिकामा माथि नाउँ परेका संशोधन–मण्डलका आठ जना सदस्यका साथै श्रीगुरु नयराज पन्तका र संशोधन–मण्डलका नयाँ सदस्य दिनेशराज पन्तका पनि लेख सधैं रहन्थे। यसरी सात आठ महीना नियमित रूपले लेखोट पूर्णिमा निकालेपछि वि. सं. २०२१ देखि अभिलेख–संग्रह बन्द गरी त्यसको ठाउँमा पूर्णिमा नाउँले त्रैमासिक पत्रिका छपाउने निश्चय हामीले गर्‍यौं। त्यसैअनुसार लेखोट पूर्णिमामा परेका लेखहरूमध्ये गतिला गतिला छानी वि. सं. २०२१ वैशाखदेखि गौतमवज्र वज्राचार्य र महेशराज पन्तको सम्पादकत्वमा त्रैमासिक पत्रिका पूर्णिमा प्रकाशित गर्न थालियो। प्रकाशित रूपमा त्रैमासिक पत्रिका पूर्णिमा निकाल्न थालेपछि पनि लेखोट रूपमा मासिक पत्रिका पूर्णिमा पनि केही कालसम्म चल्दै गइरहेको थियो तापनि पछि लेखोट पूर्णिमा चलाउन सकिएन।

रामजी तेवारीका लेखोट पूर्णिमाका विभिन्न अङ्कमा परेका केही लेख उहाँको जीवनकालमै पूर्णिमाका विभिन्न अङ्कमा छापिइसकेका छन् तापनि केही लेख अझ अप्रकाशित रूपमै रहिरहेका थिए। अहिले रामजी तेवारी कृतिशेष हुनुभएकोले उहाँका अप्रकाशित कृतिहरूको सङ्ग्रह गरी पूर्णिमाको एउटा अङ्क निकाल्ने हामीले विचार गर्‍यौं। त्यसैअनुसार लेखोट पूर्णिमाका विभिन्न अङ्कमा परेका छापिन बाँकी ६ वटा लेख (१ देखि ६ सङ्ख्यासम्मका) हामीले अहिले पूर्णिमाको यो ५६ अङ्कमा छपाएका छौं। त्यस्तै विक्रमसंवत् र ईसवी संवत्को परिवर्तनको विषयमा उहाँले लेख्नुभएको अप्रकाशित लेख (८ सङ्ख्या) पनि यहाँ परेको छ। आफ्नो संग्रहको एउटा पत्रको सम्पादन गरी उहाँले लेख्नुभएको एउटा लेख वि. स. २०३९ तिर तयार थियो, तर त्यो छापिन बाँकी थियो। दैवसंयोगले सो लेख उहाँको अन्तिम हुन गयो। त्यो लेख (७ सङ्ख्या) पनि यस अङ्कमा छापिएको छ। यसरी उहाँका अहिले भेट्टाइएका, छापिन बाँकी ८ वटा लेखको सङ्ग्रह गरी उहाँको सम्झनामा पूर्णिमाको यो ५६ अङ्क निकालिएको छ।

# पाटनको कृष्णमन्दिर

ललितपुर मङ्गलबजारमा राजदरबारको सामुन्ने रहेको कृष्णमन्दिर देशविदेशमा प्रसिद्ध हुँदै गइरहेको छ । ललितपुर डुल्न जाने नेपाली अथवा विदेशी रसिकहरू कृष्णमन्दिरको सामुन्ने पुगेपछि यसो टोलाएर हेर्ने गर्दछन् । हुन पनि कृष्णमन्दिरको बनावट सुन्दर, कलापूर्ण र आकर्षक छ । यसमा जम्मा ३ तला छन् । सो मन्दिरका एक्काइसवटा चुचुरो चुचुरो परेका सानासाना देवल जस्ता भाग छन् । प्रत्येकमा सुनका गजूर छन् । सम्पूर्ण यो मन्दिर ढुङ्गाले बनेको छ । परन्तु सबैतिर ढुङ्गा असल जातका नपरेका हुँदा यसको शोभामा कहीँ कहीँ बाधा पुरचाएको छ । यसको माथिल्लो तलामा चारैतिर सानासाना शिवलिङ्ग नामोल्लेखसाथ कुँदिएका छन् । बीचको तलामा मुख्य कृष्णमूर्ति रहेको छ । त्यसको बाहिर चारैतिर दशावतारका मूर्तिहरू छन् । त्यसै बीचको भागमा चारैतिर महाभारतका मुख्य घटनाका चित्रहरू ढुङ्गामा कुँदिएका छन् । यसको मुनि नेवारी भाषामा यी चित्रको परिचय पनि दिइएको छ । तल्लो तलामा चारैतिर नेवारी भाषामा परिचयसहित रामायणका मुख्य चित्रहरू कुँदिएका छन् । यो कृष्णमन्दिर आकर्षक हुनामा रामायण महाभारतका यी चित्रहरूले निकै बल दिएका छन् । प्रशस्त संख्यामा चित्रहरू ढुङ्गामा कुँद्नुपरेको हुँदा यी दृश्यहरू कलाको दृष्टिले त्यति महत्त्वपूर्ण छैनन् तापनि कहीँ कहीँका दृश्य भावप्रधान र आकर्षक छन् । कति चित्रहरूको तसवीर खिँची इन्लार्ज गरेको खण्डमा ती चित्रहरू टाढैबाट हेर्दा साँच्चिकै हुन् कि भन्ने भान मनमा पैदा गर्ने पनि छन् । यसरी प्रशस्त चित्रहरूले भरिएको यो मन्दिर बनाउन कलाकारहरूले कति परिश्रम गर्नुपरचो होला, सो कुरा सजिलैसँग अनुमान गर्न सकिन्छ ।

ललितपुरका प्रसिद्ध राजा सिद्धिनरसिंह मल्लले वि० सं० १६९३ मा यो कृष्णमन्दिर बनाएका हुन् । अहिले सो मन्दिर बनेको ३०० वर्ष नाघिसक्यो । तैपनि दर्शकहरूलाई यसले मुग्ध पारिरहेको छ भने सो मन्दिर बने ताकै त्यसको सौन्दर्य अहिलेभन्दा झन् बढी थियो होला भन्ने स्पष्ट छ । यसैले यो मन्दिर जति जति पूरा हुँदै गयो, त्यसको ख्याति पनि त्यति त्यति बढ्दै गएको देखिन्छ तथा ललितपुरको उन्नति भएको हेर्न नसक्ने ललितपुरका प्रतिपक्षीहरूको मन यसले पोल्न लागेको देखिन्छ । यसै हुँदा यसको प्रतिष्ठा गरी चालीस दिनसम्म सिद्धिनरसिंहले कोटीहोम गरिरहेको मौका भेट्टाई ललितपुरका शत्रुहरूले (कान्तिपुरका प्रतापमल्ल आदिले) ललितपुरमा आक्रमण गरी केही किल्लाहरू कब्जा गरी त्यस कृष्णमन्दिरको प्रतिष्ठाको काम निर्विघ्नपूर्वक समाप्त हुन दिएका थिएनन् । यो कुरा सोही कृष्णमन्दिरमा सिद्धिनरसिंहले राख्न लाएको अभिलेखमा परेको छ ।

जस्तै —

...तस्य क्षोणिमणेर्बभूव महिषी भव्या भवानीसमा
राज्ञी लालमती सती गुणवती प्रायो रतिर्भारती ॥ ९ ॥
...पुत्रं पवित्रमथ सिद्धिनृसिंहमल्लं सा राजपुत्रतनया जनयाम्बभूव ॥ १० ॥
...कदाचिदेतेन महोन्नतेन मठः कृतः कोपि धनैरनेकैः।
श्रीबालगोपालविलासभूमिर्व्वैकुण्ठतामेति धराजगत्याम् ॥ १५ ॥
...हर्षान्नेपालवर्षे स्वरशरतुरगैरङ्किते फाल्गुणीये
पक्षे प्राप्ते वलक्षेमरगुरुदिवसे शङ्करर्क्षे दशम्यां ।
चक्रे जाम्बूनदीयैर्गुरुतरकलशैर्भास्वरैरेकविंशै-
र्न्नेपालक्षोणिपालः प्रथितभुजबलो भूषणं तन्मठस्य ॥ १७ ॥
युद्धारम्भः कृतोऽस्मिन्नपि शुभदिवसे शत्रुभिर्युद्धशौण्डै-
र्दुष्टैः कोटोवरुद्धः कुटिलनृपभटैरद्भुतैः कोटिसंख्यैः ।
लीलामात्रेण शत्रूनपनयत तदा पार्थिवः पार्थतुल्यः
कोटं निर्मोचयित्वा नमुचिरिपुरिवानन्दसन्दोहमाप ॥ १८ ॥
...चत्वारिंशद्दिनान्यासीन्महाहोममहोत्सवः ।
श्रीमत्सिद्धिनृसिंहेन कलिकर्णेन कारितः ॥ २५ ॥

( संस्कृत–सन्देश २ वर्ष १–३ अङ्कका २०–२१ पृष्ठबाट )

[ उहाँ राजाकी (हरिहरसिंहकी) महारानी पार्वती जस्ती, रति जस्ती, सरस्वती जस्ती, असल स्वभावकी, गुण भएकी, पतिव्रता लालमती हुनुभयो ॥९॥

रजपूतकी छोरी उहाँले (लालमतीले) पवित्र छोरा सिद्धिनरसिंहलाई जन्माउनुभयो ॥१०॥

उदार मन भएका उहाँले (सिद्धिनरसिंहले) एक दिन प्रशस्त पैसा खर्च गरीकन पृथ्वीमा रहेको वैकुण्ठ जस्तो कृष्णजीको मन्दिर बनाउनुभयो ॥१५॥

ने. सं. ७५७ (वि. सं. १६९३) फाल्गुनशुक्ल दशमी बृहस्पतिवार आर्द्रानक्षत्रका दिन बाहुबलले प्रख्यात भएका नेपालका राजाले (सिद्धिनरसिंहले) सुनका ठूल–ठूला चहकिला एक्काईसवटा कलश (गजूर) ले त्यो मन्दिर–लाई सिँगार्नुभयो ॥१७॥

यो शुभ दिनमा पनि दुष्ट, लड्न सिपालु, कपटी शत्रु राजाका अनेकन् सिपाहीहरूले कोट दखल गरे। त्यस वेला अर्जुन जस्ता राजाले शत्रुहरूलाई खेलबाडसँग हटाइदिनुभयो। कोट फिर्ता लिई राजा सिद्धिनरसिंह इन्द्र जस्तै खुशी हुनुभयो ॥१८॥

कलिकालका कर्ण जस्ता सिद्धिनरसिंहले ४० दिनसम्म ठूलो उत्सव गरी ठूलो होम गर्नुभयो ॥२५॥] [१]

कृष्णमन्दिरको वास्तुकलाको शैली नेपालमा उहिलेदेखि चलेको छाना हाली बनाउने पशुपतिनाथ, चाँगुनारायण आदि मन्दिरको जस्तो शैलीको छैन। यसमा दक्षिण भारतमा चलेको मन्दिरनिर्माणको शैलीको झलक पाइन्छ। हुन पनि यस ताका नेपालको दक्षिण भारतसँग धार्मिक कुरामा केही सम्बन्ध रहेको थियो। दक्षिण भारतका केही धार्मिक व्यक्तिहरू पनि नेपालमा आएर बस्न लागेका थिए। सिद्धिनरसिंहका बाजे शिवसिंहले सजिलैसँग ललितपुर विजय गर्न सक्नुमा ललितपुरमा आएर बसेका दक्षिणका भट्ट ब्राह्मणको पनि हात थियो। यस कारण कृष्णमन्दिरको वास्तुकलामा दक्षिण भारतको वास्तुकलाको ढाँचा आएको हुन सक्छ। यस विषयमा बढ्ता खोतल्न हामीलाई परेको छैन। जे होस्, यस कृष्णमन्दिरले राजा सिद्धिनरसिंहको साथसाथै ललितपुरको पनि गौरव बढाएको छ। राजा सिद्धिनरसिंह आफ्नो व्यक्तित्वले गर्दा मल्ल राजाहरूमा प्रसिद्ध राजा हुन्। सिद्धिनरसिंह राजालाई सम्झाउने कुरा अहिले पनि ललितपुरमा धेरै विद्यमान छन्। केही गरी कृष्णमन्दिरबाहेक सिद्धिनरसिंहका अरू स्मारक कृतिहरू कुनै पनि नपाइएका भए पनि यस कृष्णमन्दिर मात्रले पनि सिद्धिनरसिंहलाई प्रसिद्ध पारिदिन्थ्यो, यसमा सन्देह छैन।

# मन्त्री वंशीधर

राजकाज भनेको एक जनाको हातबाट चल्न सक्ने कुरा होइन। यस कारण जुनसुकै कालमा पनि प्रत्यक्ष या अप्रत्यक्ष रूपमा राजकाजमा धेरै मानिसको हात रहेको हुन्छ। यसैले कुनै देशको राजनीतिसम्बन्धी इतिहास राम्ररी बुझ्न त्यो वेला राजकाजमा कसकसको हात रहेको थियो भन्ने बुझ्न आवश्यक हुन आउँछ।

कान्तिपुरका राजा प्रताप मल्लको मृत्युपछि उनका बालक छोरा नातिहरू गद्दीमा बसेका हुँदा कान्तिपुरको राजकाजमा मन्त्रीहरूको ठूलो हात रहन लाग्यो। यसै प्रसङ्गमा शक्तिशाली भएका चौतारा चिकुटि, चौतारा लक्ष्मीनारायणको बारेमा थाहा भए जति कुरा पहिलेका निबन्धहरूमा लेखिसकेको छु। यस निबन्धमा त्यस ताकाका

---

१. पन्ध्रौँ श्लोकको अर्थबाहेक अरू श्लोकको अर्थ **इतिहास-संशोधनको प्रमाण-प्रमेय** मूल भागका ६४, २२९ पृष्ठबाट सारिएका हुन्।

एक जना मन्त्री वंशीधरको बारेमा केही लेख्ने चेष्टा गर्दछु । हुनत चिकुटि, लक्ष्मीनारायणहरूको दाँजोमा वंशीधरको त्यति ठूलो स्थान छैन । तैपनि एक जना कान्तिपुरका प्रसिद्ध योद्धाका रूपमा वंशीधरको स्थान छ ।

वि. सं. १७३७ मा नृपेन्द्र मल्लको मृत्युपछि कान्तिपुरको गद्दीमा उनका भाइ पार्थिवेन्द्र मल्ल बसे । त्यस वेला मुख्य मन्त्री चिकुटि थिए । वंशीधर पनि त्यस वेलाका एक जना मन्त्रीका रूपमा देखा पर्छन् । वंशीधरको थर वतनबारे अहिलेसम्म केही थाहा पाउन सकिएको छैन । कान्तिपुरको इतिहासमा सर्वप्रथम वंशीधरको उल्लेख सिँधुलीगढीमा आक्रमण गर्ने प्रसङ्गमा आउँछ । सिँधुलीगढी त्यस वेला कुन राज्यको अन्तर्गत थियो भन्ने कुरा निश्चित रूपले भन्न सकिँदैन । वि. सं. १७३८ मा यिनै वंशीधरको नेतृत्वमा सिँधुलीगढ आक्रमण गर्न कान्तिपुरको फौज हिँड्यो । कान्तिपुरलाई यस काममा भक्तपुर ललितपुरका राजाहरूले पनि सहायता गरेका थिए । चैत्रशुक्ल नवमीका दिन यताबाट सिँधुलीगढ आक्रमण गर्न वंशीधरहरू हिँडे । वैशाखकृष्ण ( पूर्णान्तमानले ज्येष्ठकृष्ण ) द्वितीयाका दिन वंशीधरको मातहतको फौजले सिँधुलीगढ विजय गऱ्यो । यसरी सिँधुलीगढ जित्न कान्तिपुरेहरूलाई २ महीना जति लाग्यो । यस कुराको वर्णन तात्कालिक ठ्यासफुमा संक्षेपमा यसरी गरिएको छ –

सं. ८०१ चैत्रशुक्ल ।। नवमी ॱ पुष्यनक्षत्र शुक्रवार थ्व कुन्हु वंशीधर भा सिंधुरि हथार छोया दिन ।।

सं. ८०१ वैशाखकृष्ण : ।। द्वितीया ॱ अनुराधानक्षत्र ॱ आदित्यवार ॱ थ्व कुन्हु श्रीश्रीजयपार्थिवेन्द्र मल्लन सो नगलया राजां छोयाव ॱ थव मन्त्री वंशीधर भा छोयाव सिंधूरि चारका दिन ।।

[ ने. सं. ८०१ ( वि. सं. १७३८ ) चैत्रशुक्ल नवमी पुष्यनक्षत्र शुक्रवारका दिन वंशीधर भालाई सिँधुली युद्धका लागि पठाइयो ।

ने. सं. ८०१ ( वि. सं. १७३८ ) वैशाखकृष्ण द्वितीया अनुराधानक्षत्र आदित्यवारका दिन श्रीश्रीजयपार्थिवेन्द्र मल्लले तीनै शहरका राजाको सहायताले आफ्ना मन्त्री वंशीधरलाई पठाई सिँधुली खुलाउनुभयो । ]

( ऐतिहासिक–पत्रसंग्रह २ भागको ३४ पृष्ठबाट )

यो सिँधुलीविजयले कान्तिपुरको निकै धाकरवाफ जम्यो । यस सिँधुलीविजयमा भक्तपुर ललितपुरले पनि केही सहायता गरेका थिए भन्ने कुरा माथिको ठ्यासफुको वर्णनबाट थाहा पाइन्छ । परन्तु कान्तिपुरका राजा पार्थिवेन्द्र मल्ल यस विजयको श्रेय अरूलाई दिन चाहँदैनथे भन्ने कुरा वि. सं. १७३८ को पार्थिवेन्द्र मल्लको स्तम्भलेखबाट थाहा पाइन्छ । त्यसमा आफ्नो बाहुबल नै मुख्य सहायक भएका मेरा असल योद्धाहरूले सिँधुलीगढ विजय गरे भनी ठूलो गौरवसाथ बयान गरिएको छ । जस्तै –

मध्येश्रृङ्गं लसन्तं शिखरिणि सिंधुलीदुर्गमत्यन्तदुर्गं
यो जग्राह प्रतापप्रबलतरसहायैकबोधैः सुयोधैः ।

शत्रोः श्रीपार्थिवेन्द्रो नृपकुलतिलकस्सारभूतः पृथिव्यां
प्राग्भिर्भूपालवर्य्यैरविदितविभवं विश्वविख्यातकर्म्मा ॥१२॥

[ राजाहरूमा श्रेष्ठ भएका, पृथ्वीमा सार भएका, संसारमा प्रख्यात भएका श्रीपार्थिवेन्द्र मल्लले आफ्नो बाहुबल नै मुख्य सहायक भएका असल योद्धाहरूद्वारा पहाडको टुप्पोमा रहेको, जान गाह्रो, पहिलेका राजाहरूले महत्त्व नबुझेको सिंधुली दुर्ग (किल्ला) शत्रुबाट खोसेर लिनुभयो (दखल गर्नु भयो । ) ]

(ऐतिहासिक – पत्रसंग्रह २ भागको ३५ पृष्ठबाट)

गोर्खाका राजा पृथ्वीपति शाहले दुइ पटक नेपालउपत्यकाको यात्रा गरेका थिए । पहिलो पटक वि. सं. १७३५ मा कान्तिपुर आई कान्तिपुरका राजा नृपेन्द्र मल्लसँग पृथ्वीपति शाहले मीत लाएका थिए । दोस्रो पटक वि. सं. १७४२ मा कान्तिपुर आई कान्तिपुरका राजा पार्थिवेन्द्र मल्ल र भक्तपुरका राजा जितामित्र मल्लसँग पृथ्वीपति शाहले भेट गरेका थिए । द्रव्य शाहले लम्जुङबाट फुटेर आई गोर्खामा स्वतन्त्र राज्य स्थापना गरेदेखि नै लम्जुङेहरूले गोर्खामा आँखा लाएका थिए तथा मौका पायो कि गोर्खामा आक्रमण पनि गर्थे । पृथ्वीपतिको पालासम्म पनि गोर्खा र लम्जुङको यही अवस्था थियो । वि. सं. १७४३ मा वंशीधर आदिको मातहतमा गोर्खायुद्धको लागि कान्तिपुरबाट फौज हिंडेको उल्लेख तात्कालिक ठ्यासफुमा पाइन्छ । सो यस प्रकारको छ–

सं. ८०७ मार्गशिरकृष्ण ॥ तृतीया आर्द्रा प्र पुनर्वसुनक्षेत्र सोमवार थव कुन्हु गोरखा हतार न्ह्यात ॥ नवमिसि भा बावत भा वंशीधर भा प्रमुखन ॥

[ने. सं. ८०७ (वि. सं. १७४३) मार्गशीर्षकृष्ण तृतीया आर्द्राउप्रान्त पुनर्वसुनक्षत्र सोमवारका दिन गोरखायुद्धका लागि भारादार नवमीसिंह, बावत, वंशीधरहरू हिंडे । ]

(ऐतिहासिक – पत्रसंग्रह २ भागको ३५ पृष्ठबाट)

यहाँ गोर्खायुद्धको लागि वंशीधरहरू हिंडे भनी भनिएको छ । गोर्खासँग लड्न कान्तिपुरेहरू हिंडेका हुन् कि गोर्खालाई सहायता दिन कान्तिपुरेहरू यताबाट गएका हुन् स्पष्ट खुल्दैन । परन्तु यसभन्दा १ वर्ष जतिअघि मात्र पृथ्वीपति शाहले कान्तिपुर आई मित्रसम्बन्ध जोडेर गएका हुनाले गोर्खाको सहायताको लागि नै वंशीधरहरू हिंडेको देखिन्छ । जे होस्, यसबाट पनि वंशीधर त्यस बेलाको कान्तिपुरका योग्य लडाकाहरूमा थिए भन्ने कुरा बुझिन्छ ।

लक्ष्मीनारायणको हातमा कान्तिपुरको शासनको अधिकार आउन थालेपछि आफू हर्ताकर्ता बन्न उनले पुराना भारादारहरूलाई सिद्ध्याउने योजना बनाएका थिए । यसै योजनाअन्तर्गत वि. सं. १७४४ मा पार्थिवेन्द्र मल्ललाई विष खुवाएको अभियोग लगाई चिकुटिका साथ वंशीधरलाई पनि लक्ष्मीनारायणले मार्न लगाए । यसरी कान्तिपुरका एक जना योग्य लडाका वंशीधरको अन्त भयो ।[1]

१· इतिहास – संशोधनको प्रमाण – प्रमेय मूल भागका २३७ – २४१ पृष्ठ ।

# जैसीदेवल

नेपालउपत्यकालाई स्वयम्भू आदि अग्ला डांडाबाट दूरबीनले हेरचौं भने प्रशस्त अग्ला अग्ला मन्दिरहरू देखा पर्छन् । वारंवार भइरहने भूकम्प आदिले गर्दा पुराना देवमन्दिरहरू भत्किन्थे । तिनको जीर्णोद्धार गर्ने दानपति नपाइएर तिनमा कतिको त लोप नै भइसक्यो । तैपनि आजसम्म पनि नेपालउपत्यकाका तीन शहरमा ठूलठूला देव-मन्दिरहरू प्रशस्त देखा पर्छन् । अहिलेभन्दा सय डेढ सय वर्षअगाडि विदेशी यात्रीहरूले लेखेका नेपालउपत्यकाका चित्रहरू हेरचौं भने अहिलेभन्दा पनि उहिले देवमन्दिरहरू धेरै थिए भन्ने थाहा पाइन्छ । यसैले विदेशीहरूले नेपाल-उपत्यकालाई देवताको घर, मन्दिरैमन्दिर भएको देश भनी भनेका छन् ।

ती अग्ला देवमन्दिरहरूमा काठमाडौं न्हुगलटोलको जैसीदेवलको पनि विशेष स्थान छ । उपत्यका-बाहिरका मानिसहरू काठमाडौं डुल्न आए भने जैसीदेवल नहेरीकन कमै मानिसहरू मात्र फर्कलान् ।

यस देवमन्दिरभित्र देवशमशेरको पालामा स्फटिकको मूर्ति खण्डित रूपमा रहेको थियो । यसको नाम जोगेश्वर महादेव थियो, यसैले यस्तो प्रसिद्ध मन्दिरमा पनि शिवलिङ्ग नहुनु राम्रो कुरा होइन भनी देवशमशेरले वि. सं. १९५८ मा शिवलिङ्ग स्थापना गरी देवजागेश्वर नाम राखे भन्ने कुरा तात्कालिक गोरखापत्रबाट थाहा पाइन्छ । परन्तु त्यस वेलासम्म यो मन्दिर कसले बनाएको रहेछ, यसको नाम जैसीदेवल किन रह्यो त भन्ने कुरा थाहा भएको थिएन । अहिले हामीहरूको खोजकार्यले यस विषयमा निकै कुरा थाहा पाइएको छ ।

यो देवल कान्तिपुरका एक जना शक्तिशाली चौतारा लक्ष्मीनारायण जोशीले बनाएका रहेछन् । यसको नाम योगेश्वर महादेव हो तापनि लक्ष्मीनारायण जोशीले बनाएको हुँदा जैसीदेवल भनी प्रख्यात भएको रहेछ । पाठकहरूलाई प्रमाणका आधारमा विचार गर्न सजिलो होस् भन्नाका लागि त्यस विषयका प्रमाण तल दिइन्छन्–

सं. ८०८ पौषकृष्ण: ।। चतुर्थी पूर्वफाल्गुणीनक्षेत्र शोभनजोग बुधवार थ्व कुन्हु न्हुतगलस जोगेश्वर महादेव स्थापना याङा दिन ।। मदुया लक्ष्मीनारायण भानं ।।

सं. ८०८ वैशाखशुक्ल अक्षयतृतीया रोहिणीनक्षत्र आदित्यवार थ्व कुन्हु न्हुतगलस स्थापना याङा जागेश्वर प्रतिष्ठा यात लक्ष्मीनारायण भानं ।। लक्षाहुति जज्ञ यात, जिमनिपिकं बू दान थ ब्राह्मणयात जोशी आचार खप्वयां वसत छजु मोहर छ मोहर दक्षिणा बिव । खप्वया राजा बिज्यातकु । समेकस थ्याको देवं बिज्यातकु ।

[ ने. सं. ८०८ (वि. सं. १७४४) पौषकृष्ण चतुर्थी पूर्वफाल्गुनीनक्षत्र शोभनयोग बुधवारका दिन काठमाडौं मरुटोलका भारादार लक्ष्मीनारायणले न्हुगलमा योगेश्वर महादेवको स्थापना गरे ।

ने. सं. ८०८ (वि. सं. १७४५) वैशाखशुक्ल अक्षयतृतीया रोहिणीनक्षत्र आदित्यवारका दिन भारादार लक्ष्मीनारायणले न्हुगलमा स्थापना गरेको योगेश्वर महादेवको प्रतिष्ठा गरे। लक्षाहुति यज्ञ गरियो। आफ्ना ब्राह्मणलाई १२ रोपनी खेत दान दिए। भक्तपुरका समेत जोशी आचारहरूलाई एक एक जोर लुगा एक एक मोहर दक्षिणा दिए। भक्तपुरका राजा पनि आउनुभएको थियो। सम्यक्मा आउने देवताहरू पनि सबै आउनुभएको थियो।]

(इतिहास – संशोधनको प्रमाण – प्रमेय मूल भागका २७७, २७९-२८० पृष्ठबाट)

काठमाडौं जैसीदेवलको आसपासको ठाउँलाई न्हुगल भनिन्छ। लक्ष्मीनारायणले न्हुगलमा स्थापना गरेको उपर्युक्त योगेश्वर महादेवको मन्दिर नै वर्तमान जैसीदेवल हो। लक्ष्मीनारायण जोशीले बनाएको हुनाले सो मन्दिर जैसीदेवल भनी प्रसिद्ध हुन गएको हो। यो कुरा सं. १८८७ मिति आश्विनवदि ७ रोज ५ मा काठमाडौं ३ शहरका जगा २ का देवल नापियाको फर्द भन्ने देवलहरूको सूची भएको कागजबाट थाहा पाइन्छ—

लक्ष्मीनारायण जैसीले बनाएको जैसीदेवलको उच्चा हात ४७।

(इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागको २७९ पृष्ठबाट)

यताबाट लक्ष्मीनारायण जोशीले जैसीदेवल बनाएका हुन् भन्ने सिद्ध हुन्छ। यत्रो देवमन्दिर बनाउन सक्ने लक्ष्मीनारायण जोशी सम्पन्न अवस्थाका थिए होलान् भन्ने कुरा त यो देवल मात्र हेरे पनि अनुमान गर्न सकिन्छ। परन्तु जैसीदेवलका संस्थापक लक्ष्मीनारायणको बारेमा धेरै कुरा थाहा पाइसकिएको छ। यस कारण लक्ष्मीनारायणको परिचय पनि यस निबन्धमा दिनु प्रसङ्ग मिल्ने हुँदा यहाँ दिइन्छ।

वि. सं. १७३१ मा प्रताप मल्लको मृत्यु भएपछि उनका छोरा नृपेन्द्र मल्ल राजा भए। त्यस बेला नृपेन्द्र मल्ल १२ वर्षका थिए। यसैले मन्त्रीहरूको प्रभाव बढ्नु स्वाभाविक थियो। यस कारण चिकुटि हर्ताकर्ता भई निस्के। चिकुटिले आफ्ना नातेदारलाई ठूलाठूला पदमा नियुक्त गर्न लागे। वि. सं. १७३७ मा नृपेन्द्र मल्लको मृत्यु भयो।

नृपेन्द्र मल्लको मृत्यु भएपछि उनका भाइ पार्थिवेन्द्र मल्ल राजा भए। त्यस बेला पनि प्रधानमन्त्री चिकुटि नै थिए। चिकुटिको प्रभाव बढेको अरू भारादारलाई मन परेन। यस कारण उनीहरू चिकुटिलाई सिद्ध्याउने दाउमा लागे। यो कुरा थाहा पाई वि. सं. १७४० मा सपरिवार केही अनुयायी खसहरू लिएर चिकुटि भागी पाटन पुगे। ४ दिनसम्म पाटनमा बसेर त्यहाँपछि त्रिशूलीपारि बुर्धास गाउँमा गई उनी बसे।

चिकुटि गएपछि पाटनका राजा श्रीनिवास मल्ल कान्तिपुर आई लक्ष्मीनारायण जोशी, बाबत, जयकृष्ण, जयकृष्णका छोरा श्रीकण्ठुसमेत यी ४ जनाको मन्त्रिपरिषद् बनाउन लगाए। यस मन्त्रिपरिषद्मा लक्ष्मीनारायण जोशी चलाक र बलियो मन भएका थिए। यसैले षाड्गुण्यको प्रयोग गरी आफू हर्ताकर्ता हुने दाउमा उनी लागे। वि. सं. १७४४ मा पार्थिवेन्द्र मल्लको विषप्रयोगद्वारा मृत्यु भयो। पार्थिवेन्द्र मल्ललाई विष खुवाउने काममा लक्ष्मीनारायणको पनि हात थियो। त्यस कारण आफ्नो रक्षा र शत्रुको नाश गर्नानिमित्त लक्ष्मीनारायणले मन्त्री वंशीधरको सहायताले चौतारा चिकुटिले पार्थिवेन्द्र मल्ललाई मारेका हुन् भन्ने हल्ला पिटाए। त्यस बेला चिकुटि

पशुपतिमा बसेका थिए । राजाउपर बिषप्रयोगको आरोप लगाई पशुपतिमा बसेका सपरिवार चिकुटि र उनका अनुयायी खसहरू समाती ल्याइए । बाटामा उत्तेजित भीडले चिकुटिलाई बेसरी कुटचो । मन्त्री वंशीधरलाई हिटीचोकमा नेल ठोकी राखे । पछि सपरिवार चिकुटि, उनका अनुयायी खस, मन्त्री वंशीधर राजद्रोही ठहरिई मारिए ।

पार्थिवेन्द्र मल्ल मारिएको चौधौं दिनमा उनका छोरा भूपालेन्द्र मल्ल गद्दीमा राखिए । चौतारा पद लक्ष्मीनारायणले अँठचाए । भूपालेन्द्र मल्लको जन्म वि. सं. १७३६ मा भएको हो । उनी गद्दीमा बस्दा ८ वर्षका थिए । राजा बालक र राजमाता ऋद्धिलक्ष्मी अनुकूल भएकी र आफ्ना शत्रुहरूलाई सिद्धचाउन सफल भएकाले लक्ष्मीनारायणको शक्ति बढ्दै गयो र उनी हर्ताकर्ता भए ।

वि. सं. १७४६ मा काठमाडौंमा राजमाता ऋद्धिलक्ष्मी, राजा भूपालेन्द्र, लक्ष्मीनारायणसमेत भई ठूलो गरुड स्थापना गरे ।

लक्ष्मीनारायण राजकीय ठाँटबाँटमा रहन्थे तथा बस्न पनि प्रायः राजदरबारमा बस्तथे । लक्ष्मीनारायणले मोहरमा समेत राजा भूपालेन्द्रका साथसाथै आफ्नो नाम कुँदाउन लाए । पार्थिवेन्द्र मल्ललाई विष खुवाएको आरोप लाई चिकुटिलाई मार्दा उनका अनुयायी खसहरूको एक दल लक्ष्मीनारायणसँग बदला लिने दाउमा थियो । वि. सं. १७४७ भाद्रमा मौका पाई खसहरूको एक दलले लक्ष्मीनारायणउपर उनकै घर मरुटोलमा आक्रमण गरचो । यसबाट घाइते भएका लक्ष्मीनारायण भाग्दै राजदरबारतिर लागे । तर राजदरबारभित्र पस्न नपाउँदै लक्ष्मीनारायणलाई बाटामै भेट्टाई खसहरूले खुकुरीले हानी मारे । यसरी ३ वर्षसम्म रमझम गरी लक्ष्मीनारायणको अन्त भयो ।[1]

यताबाट जंसीदेवलका संस्थापक हाम्रा लक्ष्मीनारायणको परिचय पाठकले केही अवश्य पाउनुभयो होला । यस्ता शक्तिशाली भएका हुनाले नै लक्ष्मीनारायणले यत्रो अग्लो देवल बनाउन सकेका हुन् भन्ने कुरा स्पष्ट छ । सो जंसीदेवल हामी सबैको सामुन्ने भएको हुनाले त्यस विषयको अरू परिचय यहाँ दिनुपर्ने देखिँदैन ।

★

१. इतिहास-संशोधनको प्रमाण-प्रमेय मूल भागका २३७–२४१, २७३–२८४ पृष्ठ ।

# वि. सं. १८४३ देखि १८५९ सम्मका पात्राका टिपोट

पुराना टिपोटे कागतबाट पनि इतिहासका कुरा थाहा पाइने हुनाले दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका वि. सं. १८४३ देखि वि. सं. १८५९ सम्मका पात्रामा टिपिएका घटनाका उतार अहिले यहाँ दिइन्छन् ।

अरू पात्राहरूमा पनि पाइएका त्यस्ता घटनाका टिपोटका उतार पछि दिँदै गइनेछन् । तिनीहरूका व्याख्या पनि क्रमशः गरिनेछ ।

### वि. सं. १८४३

| | |
|---|---|
| वैशाख २४ गते वैशाखशुक्ल ६ बुधवार | सिद्धांतरीत्या पूर्वोदयं गुरुः १२ |
| वैशाख २६ गते वैशाखशुक्ल ८ शुक्रवार | मकरन्दात् प्रागुदयं गुरुः ५०।४२ |

### वि. सं. १८४४

| | |
|---|---|
| वैशाख २४ गते ज्येष्ठकृष्ण १ बृहस्पतिवार | ...गतघटी १३।४५ पु पश्चिमदिग्यात्रा |
| ज्येष्ठ २१ गते ज्येष्ठशुक्ल १५ बृहस्पतिवार | दिनघ १९।२३ कन्यालग्ने कुंभांशके भूयो घ १९।५१ कन्यालग्ने मीनांशके गंगाधरस्य पुत्रौ जातौ |
| भाद्र १९ गते भाद्रकृष्ण ४ शनैश्चरवार | दिनगतघटी १३।३ रक्षाग्रहणं |
| भाद्र ३१ गते भाद्रशुक्ल २ बृहस्पतिवार | दि घ ८ उ ११ या. ग. रा. घ. २७।३ बिताइ कर्तनम् |

| | |
|---|---|
| आश्विन १ गते भाद्रशुक्ल ३ शुक्रवार | रा. शे. ३ कर्तनं |
| आश्विन ३ गते भाद्रशुक्ल ५ आदित्यवार | कर्त्तनं प्रातर्घटी ५।२१ वा. |
| आश्विन ११ गते भाद्रशुक्ल १२ सोमवार | दिनगतघटी ८।४३ इन्द्रध्वजोत्थानं |
| कार्तिक १० गते आश्विनशुक्ल १२ मङ्गलवार | रात्रिशेषघटी ० पलेषु ५२ श्रीपुष्करसाहज्येष्ठ-पत्न्या जन्मकाल: |
| पौष ११ गते मार्गशुक्ल १३ शनैश्चरवार | रात्रिगतघटी १५।२९ पु श्रीचौतारादलमर्दन-साहस्य पुत्री कन्यालग्ने जाता |
| चैत्र ७ गते फाल्गुनशुक्ल ९ आदित्यवार | रात्रिशेषघ १।५२ रामभद्रोपाध्यायपुत्रोभूत् |

वि. सं. १८४७

| | |
|---|---|
| वैशाख १३ गते वैशाखशुक्ल ८ बृहस्पतिवार | शक्तिशर्मणो निधनम् |
| वैशाख १९ गते वैशाखशुक्ल १४ बुधवार | रा. घ. ४।३५ रविदत्तस्य जन्म |
| वैशाख २० गते ज्येष्ठकृष्ण १ बृहस्पतिवार | वैद्यनाथशर्मणो मुक्तिः |
| वैशाख २० गते ज्येष्ठकृष्ण १ बृहस्पतिवार | दिनगतघटी २३ शक्तिवल्लभपुत्री |
| वैशाख २८ गते ज्येष्ठकृष्ण ९ शुक्रवार | दिनगतघटी ११ महानन्दपाँडेपुत्री |
| ज्येष्ठ ३ गते ज्येष्ठकृष्ण १४ बृहस्पतिवार | रात्रिशेषघटी ५ शेषे मीनलग्ने भक्तिथापापुत्रः बलभद्राभिधो जातः |
| आषाढ १२ गते अधिकआषाढशुक्ल १० घ. ५।५९ मङ्गलवार | रात्रिगतघटी २०।९ अमरसिंहपुत्रस्य जन्म |
| भाद्र ५ गते श्रावणशुक्ल ८ मङ्गलवार | अस्मिन्दिने कुकंप इति सांहितिकाः |
| भाद्र १२ गते श्रावणशुक्ल १५ मङ्गलवार | ऋषितर्पणी धनुर्लग्ने वृषांशके दिनगतघटी २१।३२ वा. कीटे वर्गोत्तमे दिनगतघटी १७।५५ |
| आश्विन ७ गते भाद्रशुक्ल ११ घ. ६।५७ आदित्य-वार | धनुर्लग्ने शक्रध्वजोत्थानं १६।१५ दिनार्द्धोत्तरत्वात् तदसदिति पक्षे वर्गोत्तमे कीटे १३।११ सदिति |
| आश्विन १४ गते आश्विनकृष्ण ३ आदित्यवार | कर्कटलग्ने रात्री १८।३७ विसर्ज्जनम् |
| आश्विन २७ गते आश्विनशुक्ल १ शनैश्चरवार | धनुर्लग्ने वृषांशके दिनगतघटी १३।१ घट-स्थापनं |
| आश्विन ३१ गते आश्विनशुक्ल ६ बुधवार | रात्रिशेषघटी ४।३५ तारावल्लभस्य पुत्रः |
| कार्तिक ४ गते आश्विनशुक्ल १० आदित्यवार | दिनगतघटी १४।२५ विजययात्रा |
| कार्तिक ४ गते आश्विनशुक्ल १० आदित्यवार | टीका धनुर्लग्ने १३।४३ सिंहांशके |
| मार्ग ६ गते कार्तिकशुक्ल १२ बृहस्पतिवार | तारानाथस्य पुत्रः १ दिनगतघटी ११।२७ मकर-लग्ने मीनांशके |

| | |
|---|---|
| पौष २२ गते पौषकृष्ण १३ आदित्यवार | दिनगतघटी ९।११ श्रीपूर्णानन्दोपाध्यायस्य पुत्र २ |

वि. सं. १८४८

| | |
|---|---|
| वैशाख ९ गते चैत्रशुक्ल १५ सोमवार | रात्रिगतघटी ५।४८ स्पर्शः घटी ९।२३ पु मध्य-कालः घटीषु १३।२४ मोक्षकालः किञ्चिन्मेघ-विशिष्टो न तु मेघाच्छन्नः दि ३१।२१ चन्द्रग्रहणम् |
| वैशाख २४ गते वैशाखकृष्ण ३० मङ्गलवार | जन्मोत्सवदिनं मम |
| ज्येष्ठ २१ गते ज्येष्ठकृष्ण १४ मङ्गलवार | अस्मन्मातुः श्राद्धदिनं |
| ज्येष्ठ २९ गते ज्येष्ठशुक्ल ६ बुधवार | श्रीप्रता(प)सिंहसाहस्यान्यजातीयायां बालसूनोः विवाहः कर्किणि लग्ने |
| आषाढ १० गते आषाढकृष्ण ६ मङ्गलवार | धरणीपतस्य दूरपंथागमनं |
| आषाढ २० गते आषाढकृष्ण ३० शुक्रवार | अस्मिन्दिने कल्पलतिकायाः प्राणत्यागः |
| आषाढ २३ गते आषाढशुक्ल ३ सोमवार | छिल्लीदेशाधिपतेर्विवाहो मेषलग्ने |
| श्रावण ६ गते श्रावणकृष्ण ३ सोमवार | प्रातर्घटी १।७ हरिसाहेः पुत्री जाता ल ३।६।४२ |
| श्रावण २४ गते श्रावणशुक्ल ६ शुक्रवार | अस्मत्पितुर्मातॄणां श्राद्धदिनं |
| भाद्र १८ गते भाद्रशुक्ल २ बुधवार | अगस्त्यमुनिर्दृग्गोचरो नेपालात् |
| आश्विन १ गते आश्विनकृष्ण २ बुधवार | जीवादर्शनं नेपालात् ३।२ |
| आश्विन ८ गते आश्विनकृष्ण ९ बुधवार | पश्चादस्तो जीवः |
| आश्विन १५ गते आश्विनशुक्ल १ बुधवार | घटस्थापनदिने रात्रिशेषघटी २ पलेषु ३५ बन्दैउ-थापापुत्रः ४ |
| आश्विन १८ गते आश्विनशुक्ल ४ शनैश्चरवार | शुक्रादर्शनं नेपालात् ९ |
| आश्विन २३ गते आश्विनशुक्ल ९ घ. ९।१७ बृहस्पतिवार | टीका घ ११ प. २० विसर्जनम् |
| आश्विन २४ गते आश्विनशुक्ल १० शुक्रवार | पश्चादस्तः शुक्रः ९ |
| आश्विन २८ गते आश्विनशुक्ल १५ मङ्गलवार | ग्रस्तास्तो नेपालाद् दृग्गोचरसन्देहः |
| कार्तिक ५ गते कार्तिककृष्ण ६ मङ्गलवार | प्रागुदयः शुक्रः २ |
| कार्तिक ६ गते कार्तिककृष्ण ७ बुधवार | पूर्वोदितो जीवः ५६ |
| कार्तिक ७ गते कार्तिककृष्ण ८ बृहस्पतिवार | नेपालाच्छुक्रो दृग्गोचरः ४१ |
| कार्तिक ११ गते कार्तिककृष्ण १२ सोमवार | जीवदृग्गोचरो नेपालात्. शुक्रेण विद्धस्तत्वाद् द्वितीयेह्नि दर्शनं भविष्यतीति |

फाल्गुन २ गते फाल्गुनकृष्ण २ शुक्रवार शिलान्यास सिंहलग्ने वृषांशे
फाल्गुन ५ गते फाल्गुनकृष्ण ५ घ. १।४१ सोमवार स्तंभोछ्र्यो मेषलग्ने सिंहांशके ८।४३
फाल्गुन १७ गते फाल्गुनशुक्ल ३ शनैश्चरवार दिनगतघ. १८।४८ श्रीकृष्णोपाध्यायस्य पुत्रो जातः
फाल्गुन २० गते फाल्गुनशुक्ल ६ मङ्गलवार जीवनाथस्य जन्म दिनशेषघटी ३।२२ पु
फाल्गुन २१ गते फाल्गुनशुक्ल ७ बुधवार दिनगतघटी १३ पला १ स्तंभोच्छ्रयः
चैत्र ५ गते चैत्रकृष्ण ६ बुधबार बम्मसाहुपु. १२।९
चैत्र ९ गते चैत्रकृष्ण १० घ. ०।४३ आदित्यवार दिनगतघटी १४।१ पु इन्द्रजितः पुत्रो १ जातः

वि. सं. १८५३

वैशाख ७ गते चैत्रशुक्ल ८ घ. १५।१३ शुक्रवार चैत्राष्टमी रामनवमी
वैशाख ८ गते चैत्रशुक्ल ९ घ. १०।४२ शनैश्चरवार दिनगतघटी ७।२३ पु रामचंद्रपजालपुत्रः २ लग्नं १।२७
श्रावण २९ गते श्रावणशुक्ल ६ मङ्गलवार रा. घ. ३।१७ कुंभलग्ने जन्म यज्ञवल्लभवैद्यपुत्री
श्रावण ३२ गते श्रावणशुक्ल ९ शुक्रवार दिनगतघटी १४।२५ पु लोकनाथापत्यो जातः
भाद्र ८ गते भाद्रकृष्ण २ शनैश्चरवार दिनगतघटी १४।३७ ल ६।२४ श्री २ पुत्रः
भाद्र १५ गते भाद्रकृष्ण ९ शनैश्चरवार दिनगतघटी १०।११ काश्यां महानन्दपुत्रः
कार्तिक १४ गते कार्तिककृष्ण ११ बुधवार रात्रिघटी २१।१२ अमरसिंथापापुत्री
मार्ग २ गते कार्तिकशुक्ल १३ घ. १४।५ आदित्यवार रा. घ. ३।३२ जन्म भीमशेतथापापुत्रः १
मार्ग १० गते मार्गकृष्ण ७ सोमवार रात्रिघटी ४।४८ पु मिथुनलग्ने श्रीरमारामशर्मणः पुत्रः १
मार्ग ११ गते मार्गकृष्ण ८ मङ्गलवार दिनगतघटी २३ पलेषु ४९ काशीरामाचार्यस्य पुत्र ३ जन्म ल. ०।२२
मार्ग १७ गते मार्गकृष्ण १४ सोमवार रात्रिशेषघटी २।२५ जन्म नित्यायाः
पौष ३ गते मार्गशुक्ल १५ बुधवार ग्रहणं
पौष ४ गते पौषकृष्ण १ बृहस्पतिवार दि. ग. घ ६।५९ श्रीगंभीरसिंहकस्य पुत्रः १
माघ ६ गते माघकृष्ण ३ घ. ४३।४६ आदित्यवार रा. घ. ४ नारायणभट्टराइपुत्री
माघ २० गते माघशुक्ल १ घ. ४।२३ आदित्यवार दि. घ. १६।२६ श्रीगंभीरसिंहस्य पुत्री १

| | |
|---|---|
| चैत्र २ गते फाल्गुनशुक्ल १३ घ. २।१७ शनैश्चरवार | दिनगतघटी ७ पु श्रीशिरोमणिशर्मणः पुत्रः ल. ०।२८ |
| चैत्र ५ गते चैत्रकृष्ण २ मङ्गलवार | दिनगतघटी ८।५० गते अजपसुबापुत्रः १ |
| चैत्र ७ गते चैत्रकृष्ण ४ बृहस्पतिवार | दि. ग. घ ६।५ श्रीभानुपाध्याखनालपुत्रः २ ल १ |

वि. सं. १८५४

| | |
|---|---|
| वैशाख ६ गते वैशाखकृष्ण ४ शनैश्चरवार | गणितान्तरात्पूर्वास्तत्वं भृगोः |
| वैशाख ८ गते वैशाखकृष्ण ६ सोमवार | पूर्वास्तः शुक्रः ५ नेपालाद् दृग्गोचराभावः |
| वैशाख १२ गते वैशाखकृष्ण १० शुक्रवार | पूर्वास्तः शुक्रः ४२ |
| वैशाख ३० गते वैशाखशुक्ल १४ मङ्गलवार | अगस्त्यदृग्गोचराभावः |
| ज्येष्ठ ८ गते ज्येष्ठकृष्ण ७ बृहस्पतिवार | अगस्त्यास्तः |
| आषाढ २४ गते आषाढशुक्ल ११ मङ्गलवार | पश्चिमोदयं शुक्रः ५ |
| श्रावण १८ गते श्रावणशुक्ल ७ आदित्यबार | रात्रिशेषघटी ३।५१ श्रीइन्द्रसिंथापापुत्रः ३ रणमस्त |
| श्रावण ३१ गते भाद्रकृष्ण ५ शनैश्चरवार | दि. ग. घ १०।२७ ब्रह्मानंन्दपुत्रः १ ल ५।२४ |
| भाद्र १३ गते भाद्रशुक्ल ३ घ. ०।१६ शुक्रवार | हरितालिका बृ २।४।५९ शु. ४।५५ गणितांतरात् एव चेत् हरितालिका गुरुवारे अत्र विचारणीयं |
| भाद्र २० गते भाद्रशुक्ल ११ शुक्रवार | अगस्त्योदयः ।। |
| भाद्र २९ गते आश्विनकृष्ण ४ आदित्यवार | रा. घ. ९।३१ गङ्गारामपांडेपुत्रः १ |
| आश्विन २० गते आश्विनशुक्ल १२ सोमवार | संघ. ल कर्कटे श्री पु. १ कान्त. राज |
| मार्ग १७ गते मार्गशुक्ल १० घ. ७।५६ बुधवार | रात्रिशेषघ ५ केशवरामसिक्र्यालस्य पुत्रः २ |
| मार्ग १८ गते मार्गशुक्ल ११ घ. १०।२६ बृहस्पतिवार | रात्रिघ ५।११ ल २।१९ गंगाधरोपाध्यायपुत्रः |
| पौष १ गते पौषकृष्ण ९ मङ्गलवार | काशिनाथपुत्री २ पुण्यशिलाजन्म सू. ८।०।१८।३ ल २।१५।१५ |
| माघ ८ गते माघशुक्ल १ घ. १।२८ बृहस्पतिवार | घटी ५३।१८ पु शेषघटी ६।४२ पु धनुर्लग्ने मेषांशके काशिरामोपाध्यायस्य पुत्रः ४ |
| फाल्गुन ३ गते फाल्गुनकृष्ण ११ मूल आदित्यवार | प्राणनाथस्य व्रतं मीने. म्लेक्षाश्रयेण वणिक्-वृत्त्याऽर्थवान्. प्राज्ञ इति फलम् |
| फाल्गुन २८ गते चैत्रकृष्ण ६ बृहस्पतिवार | पश्चिमास्तः शुक्रः ५९ |

चैत्र ७ गते चैत्रकृष्ण ३० शनैश्चरवार — पूर्वोदितः शुक्रः ५८
चैत्र २७ गते वैशाखकृष्ण ६ शुक्रवार — पश्चिमास्तो गुरुः ५३

वि. सं. १८५५

वैशाख ३ गते वैशाखकृष्ण १२ बृहस्पतिवार — रा. घ ४।१८ भूकम्पः
ज्येष्ठ ५ गते ज्येष्ठशुक्ल ४ शनैश्चरवार — भूकंपः घ. ०।४५ दि.
ज्येष्ठ १० गते ज्येष्ठशुक्ल ५ आदित्यवार — भूकंपः रा. ०।५३
ज्येष्ठ १९ गते ज्येष्ठशुक्ल १५ मङ्गलवार — स्पर्शः ६।३४ निमीलनं ९।२२ उन्मीलनं ११।४५ मोक्षः १४।४५

अर्को पात्रोमा — ग्रहणम् सर्वग्रासः ८।३ स्प. १२।३३ म. १६।४४ मो

आश्विन १९ गते आश्विनकृष्ण ७ मङ्गलवार — दिन ग. घ ५।२५ नैनसिकस्य पुत्रः २ माथवरसिंह जन्म

मार्ग ४ गते कार्तिकशुक्ल ९ शुक्रवार — घ. ३६।५७ पूर्वास्तः शुक्रः
मार्ग २० गते मार्गकृष्ण ९ आदित्यवार — पूर्वास्त शुक्रः ४।५२ कालांशैः
कार्तिक ८ गते आश्विनशुक्ल १२ घ. ३०।४८ आदित्यवार — अवशेषे ०।५० रात्रौ विद्याधरउपाध्यापुत्र
कार्तिक २६ गते कार्तिककृष्ण ३० घ. २।० बृहस्पतिवार — रात्रि १२।३५ घनश्यामसाहपुत्री
कार्तिक २८ गते कार्तिकशुक्ल ३ शनैश्चरवार — तुलालग्नारंभे शिवशर्मापुत्र
मार्ग ११ गते कार्तिकशुक्ल १५ शुक्रवार — ग्रहणम्

अर्को पात्रोमा— ग्रस्तोदयः मोक्षः ५।३१

पौष १४ गते पौषकृष्ण २ घ. ३।१४ मङ्गलवार — रात्रिगतघटी १२ पु कलावत्या जन्म,
पौष १४ गते पौषकृष्ण २ घ. २।४ मङ्गलवार — रात्रिगतघटी १२।३७ ल ५।६ लोकनाथपुत्री
पौष १६ गते पौषकृष्ण ५ बृहस्पतिवार — रात्रिगतघटी १७ पु परमानन्दस्य पु,
पौष १८ गते पौषकृष्ण ७ शनैश्चरवार — दिव ५।११ कीर्त्तिमत्पुत्र
पौष २३ गते पौषकृष्ण ११ बुधवार — कन्यालग्नै बुद्धिविलासस्य पुत्र
माघ १६ गते माघकृष्ण ५ शनैश्चरवार — पश्चिमोदितः शुक्रः ५७ कालांशैः
माघ १७ गते माघकृष्ण ६ आदित्यवार — भूकंपः दिनग. घटी ७ पु

| | |
|---|---|
| माघ २० गते माघकृष्ण १० बुधवार | पश्चिमोदितः शुक्रः ३६।३६ |
| फाल्गुन २ गते माघशुक्ल ५ आदित्यवार | १५।५५ सेर्बहादूरपुत्रः |
| फाल्गुन १३ गते फाल्गुनकृष्ण १ घ. ६।१८ बृहस्पतिवार | जन्म जगन्नाथपुत्रस्य ८।२५ दिने |
| फाल्गुन २८ गते फाल्गुनशुक्ल २ शुक्रवार | घटी १०।१ पु राज्याभिषेकः |

वि. सं. १८५७

| | |
|---|---|
| ज्येष्ठ ८ गते ज्येष्ठकृष्ण १० आदित्यवार | रा. घ ५।१७ हिडचाको |
| ज्येष्ठ ९ गते ज्येष्ठकृष्ण ११ घ. २३।१८ सोमवार | दिनशेषघटी ११।३६ पु श्रीगौरीशंकरपुत्रः १ |
| ज्येष्ठ ११ गते ज्येष्ठकृष्ण १३ घ. २९।४८ बुधवार | रात्रिशेषघटी ०।३० सिवाना नाथ्याको |
| ज्येष्ठ १७ गते ज्येष्ठशुक्ल ४ मङ्गलवार | काशी आईपुग्याको प्रातर्घरी थाप्नी वेलामा |
| आषाढ ८ गते आषाढकृष्ण १२ घ. ३।३३ बृहस्पतिवार | दिनगतघ. २४।२२ ब्रजमोहनोपाध्यायपुत्रः |
| आषाढ १० गते आषाढकृष्ण १४ शनैश्चरवार | दिनगतघ २ श्रीविजयसिंहस्य पुत्रः १ |
| आषाढ १५ गते आषाढशुक्ल ४ बृहस्पतिवार | पूर्वास्तं शुक्रः २४।४८ |
| अर्को पात्रोमा— | पूर्वास्तः शुक्रः ३९।४३ |
| आषाढ २३ गते आषाढशुक्ल १३ शुक्रवार | पूर्वास्तः भृगुः कालांशत् |
| आषाढ २६ गते श्रावणकृष्ण १ सोमवार | दि. ग. घ २१।२८ जन्म उमानाथमिश्रस्य पौत्रः १ |
| श्रावण ३१ गते भाद्रवदि ७ मङ्गलवार | इष्टघटी १५।४० सू. ३।२८ ल ६।२० शिवदत्त-लोहनीपुत्रजन्म |
| भाद्र १० गते भाद्रशुक्ल ३ घ. १९।५९ शनैश्चरवार | रात्रिशेषघटी ८ दुवेरामनेवाजजीपुत्र १ |
| भाद्र २५ गते आश्विनकृष्ण ५ सोमवार | पश्चिमोदयं शुक्रः ६।४० |
| अर्को पात्रोमा— | |
| आश्विन १ गते आश्विनकृष्ण ११ आदित्यवार | पश्चिमोदयः शुक्रः १९।२० |
| आश्विन १९ गते आश्विनशुक्ल १५ बृहस्पतिवार | चन्द्रपर्व घटी ५०।१५ सौम्यशरः मो ५०।४९ |
| पौष २४ गते माघकृष्ण ५ घ. १९।४९ सोमवार | दिनशेषघटी ३।३६ श्रीइन्दुमौलेः पुत्रः २ |
| माघ ९ गते माघशुक्ल ५ घ. १९।१० सोमवार | रा ५।५७ पुत्रः २ २ बषत्वारसि |
| फाल्गुन १७ गते फाल्गुनशुक्ल १३ बृहस्पतिवार | रात्रिगतघटी २०।५३ गते गंभीरसिंहपुत्रः २ |
| फाल्गुन २३ गते चैत्रकृष्ण ४ बुधवार | रा. २१।५१ दि घ २३।२५ संगतपुत्रः |

वि. सं. १८५८

| | |
|---|---|
| आषाढ ६ गते ज्येष्ठशुक्ल ६ बुधवार | उ. प. घ. २१।५० ल. ६।०।१२।२८ रणजीत् पां. पु. |
| आषाढ ६ गते ज्येष्ठशुक्ल ६ बुधवार | रा. घ. शे. २.४० ल. ११।१९ मनोहरसिपु. |
| आषाढ ८ गते ज्येष्ठशुक्ल ८ शुक्रवार | भूरजः |
| आषाढ ९ गते ज्येष्ठशुक्ल ९ शनैश्चरवार | दिनशेषघटी १।१२ ल ८।१ बन्देवथापापु. |
| आषाढ १८ गते आषाढकृष्ण ३ घ. १।४१ सोमवार | रात्रिशेषघटी ६ श्रीरणसिंसाहपुत्रः ६ श्रीचक्रबाहुजन्म |
| आषाढ २२ गते आषाढकृष्ण ८ शुक्रवार | दिनगतघ. १६।२७ मानसिथापापुत्रः २ ल. ५।१६ |
| आषाढ २३ गते आषाढकृष्ण ९ शनैश्चरवार | रात्रिशेषघटी २।१८ ल. २।८ रणसूरथापाकस्य पुत्रः १ |
| भाद्र २३ गते श्रावणशुक्ल १२ शुक्रवार | दिनगतघटी ३ गते नौलसिथापापुत्रः १ |
| भाद्र २३ गते भाद्रकृष्ण १२ घ. ०।१९ शनैश्चरवार | दिनगतघटी ० पलेपु २९ जन्म गंगाधरपोघ्याल-कस्यं द्वितीयभार्य्यायशोदादेव्यां पुत्रः १ छोप्राक् हर्कदेव चिरंजीवः |
| आश्विन ७ गते भाद्रशुक्ल १३ आदित्यवार | दिनगतघ ४।१७ शक्तिवल्लभपुत्रः १ ल. ५।२८।३३ |
| आश्विन २३ गते आश्विनकृष्ण १४ मङ्गलवार | रा. घ. ११।३८ शे. घ. १९ रणसिंहसाहपुत्री ल. २।१२ |
| कार्तिक ९ गते कार्तिककृष्ण २ शुक्रवार | दि. ग. घ. ३।३२ श्रीदशरथोपाध्यायपुत्रः ३ |
| कार्तिक १४ गते कार्तिककृष्ण ७ बुधवार | उ. घ १६।१५ सू. ६।१३।१९।६ ल ९।१२।३।४९ चं २।२९।१।४८ मेर्वांशके लक्ष्मीदासपंतस्य पुत्रः १ |
| मार्ग ७ गते कार्तिकशुक्ल १५ शुक्रवार | रा घ ३।३२ विजयसिपुत्रः २ |
| मार्ग २० गते मार्गकृष्ण १३ बृहस्पतिवार | रात्रिगतघटी २२ नाथथापापुत्रः १ |
| मार्ग २० गते मार्गकृष्ण १३ बृहस्पतिवार | रात्रिशेषघटी ८ डबलपत्रीपुत्रः १ |
| पौष ४ गते मार्गशुक्ल १२ बुधवार | रात्रिगतघटी ९।४५ पु. यज्ञवल्लभवैद्यपुत्री ल. ३।२६ |

| | |
|---|---|
| पौष १२ गते पौषकृष्ण ४ बृहस्पतिवार | रात्रिगतघटी १४ शिरोमणिवैद्यपुत्री १ ल २।२३ |
| पौष २० गते पौषकृष्ण १२ शुक्रवार | दिनगतघटी १०।३७ रामनारायणपंडितपुत्रः ल ११।४।८।३४ |
| माघ ४ गते पौषशुक्ल १२ शुक्रवार | उदयाद्गतघटी ४७ पलेपु १० विश्वनाथह. पु. १ ल ६।२४ चं २।० |
| माघ ५ गते पौषशुक्ल १३ शनैश्चरवार | उ. घ ५।३७ शिलान्यास स्तंभोछ्र्यो द्वारं च |
| माघ ६ गते पौषशुक्ल १४ आदित्यवार | रात्रिगतघटी ११ गणपतिपंतपुत्रीजन्म |
| माघ १३ गते माघकृष्ण ५ आदित्यवार | दिनगतघटी ९ पलेपु ११ लोकनाथपुत्रः ४ ल. ११।१४ |
| फाल्गुन ५ गते माघशुक्ल १२ आदित्यवार | उ. घ. ४६।१४ ल. ७।१२।३५ श्रीकाशीनाथशर्मणः पुत्रः ४ |

वि. सं. १८५९

| | |
|---|---|
| श्रावण १८ गते श्रावणशुक्ल २ शनैश्चरवार | दिशे ४।२७ बख्तवारस्य पुत्र्या जन्म |
| भाद्र १४ गते भाद्रकृष्ण ३० शनैश्चरवार | सूर्यग्रहणम् १२ स्वस्थः ५।१२ मोक्षघटी १७ |
| भाद्र १७ गते भाद्रशुक्ल ३ मङ्गलवार | दिनगतघटी १२ पलेपु ५१ भवानन्दपांडेपुत्रः १ |
| भाद्र २० गते भाद्रशुक्ल ६ शुक्रवार | दि ग घ ५।० इन्द्रसिंथापापुत्र ४ त्रिलोचन |
| मार्ग ९ गते मार्गकृष्ण १२ सोमवार | दि. ग. घ. १२।४ जन्म हर्बत्तपुत्रः १ |
| मार्ग २३ गते मार्गशुक्ल १२ सोमवार | दिनशेषघटी ३ पलेपु ४५ श्रीवाणीविलासपंडितपुत्रः १ |
| मार्ग २४ गते मार्गशुक्ल १३ मङ्गलवार | रात्रिगतघटी १४।१५ पु श्रीविजयसिंहस्य पुत्रः उपेन्द्रसिंहजन्म |
| पौष ५ गते पौषकृष्ण ८ शुक्रवार | दि. घ. ।१५ रघुनाथपुत्रः |
| पौष ९ गते पौषकृष्ण १२ मङ्गलवार | दिनगतघटी १२ शिरोमणिवैद्यपुत्री |
| पौष ९ गते पौषकृष्ण १२ मङ्गलवार | ल ३।२१ रा घ ७।५५ श्रीवीरभद्रभडारीपुत्रः ३ |
| माघ ९ गते माघकृष्ण १२ बृहस्पतिवार | दिनगतघटी ० पलेपु ४२ गौरीशंकरशिवाकोटीपु |
| फाल्गुन १८ गते फाल्गुनशुक्ल ६ आदित्यवार | दिनगतघटिका ९ प्रतिवीदियात्रा |

# वि. सं. १८६१ को पात्रोको टिपोट

पुराना टिपोटे कागजबाट पनि इतिहासका कुरा थाहा पाइने हुनाले दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका वि. सं. १८४३ देखि वि. सं. १८५९ सम्मका पात्रामा टिपिएका घटनाका उतार सातौँ अङ्कमा[1] दिइएका थिए। अहिले आठौँ अङ्कमा[2] पनि वि. सं. १८६१ सालको पात्रोमा टिपिएका घटनाका उतार दिइएका छन्।

| | |
|---|---|
| वैशाख १२ गते चैत्रशुक्ल १३ घ. ४३।३९ आदित्यवार | दिनगतघ २४।२५ जन्म ज्यानसाहपुत्री ल ५।०।४८ |
| वैशाख १५ गते वैशाखकृष्ण १ घ. ५७।४९ स्वाति घ २३।५५ बुधवार | श्रीस्वामिनो विवाहः घ ७।१७ |
| वैशाख १९ गते वैशाखकृष्ण ४ घ. १०।५८ आदित्यवार | रा. घ १०।२५ यज्ञवल्लभवैद्यपुत्रः १ ल ८।१२।४२ |
| आषाढ १३ गते आषाढकृष्ण १ घ. १२।३९ आदित्यवार | एस् दिन रात्रिघ १ बाँकी छँदा श्रीमहारानीको आर्याघाटलाभ. मुक्ता द्वितीयायाम् |
| श्रावण १० गते आषाढशुक्ल १५ घ. ४३।२५ आदित्यवार | ग्रहणम् स्प ६।१६।२४।६ मो १३।३२।३८।४० म. ७।१६।१२।३४ |
| अर्को पात्रोमा— | |
| श्रावण १० गते आषाढशुक्ल १५ घ. ४३।३२ आदित्यवार | चं ६।८ ग्रा ८।४४ शे ०।२४ भा. स्प ६।३० म १०।१२ मो १३।५४ चं १०।१८ ग्रा ६।३६ शे ०।४२ मु स्प ६।४७।४५ म १०।३८।५७ मो १४।४२।३० चं १०।१६।२३ ग्रा ९।६।८ ग्र. शे १।१०।१५ ग्र. स्प ६।३८।५३ |

१. लेखोट पूर्णिमाको सातौँ अङ्कमा

२. लेखोट पूर्णिमाको आठौँ अङ्कमा

| | |
|---|---|
| | म १०।२८।५८ मो १४।४।५५ चं १०।१७<br>ग्रा ६।५२ शे ३।२५ स्प ६।१०।। म ६।३०।≡<br>मो १३।१९।।।≡ स्थित्यर्द्धं: ३।४५ दि ३३।५२<br>रा २६।८ ग्रहणम् |
| श्रावण १७ गते श्रावणकृष्ण ७ घ. २१।२<br>आदित्यवार | दिनगतघ. ३ श्रीदशरथपुत्रः ४ |
| श्रावण १९ गते श्रावणकृष्ण ९ घ. ९।१३<br>मङ्गलवार | प्रत्यगस्तः शुक्रः २० |
| श्रावण २४ गते श्रावणकृष्ण ३० घ. ३९।२१<br>आदित्यवार | पूर्वोदयं शुक्रः ४६ |
| श्रावण २९ गते श्रावणशुक्ल ५ घ. ४१।२६<br>शुक्रवार | पूर्वोदयः शुक्रः ३१ |
| आश्विन २७ गते आश्विनशुक्ल ६ घ ७।५<br>बुधवार | रात्रिग. घ १३।५८ सिंहवीरकार्कीपुत्रः १<br>ल २।२७ |
| आश्विन २८ गते आश्विनशुक्ल ७ घ. ११।२०<br>बृहस्पतिवार | दिनशेषघ ०।२ जगज्जितद्वान्यापुत्रः १ |
| कार्तिक ७ गते कार्तिककृष्ण २ घ. ५०।१४<br>शनैश्चरवार | सू. ग. घ. ३५।३५ रा. ग घ. ७।१७ श्री रं.<br>पु. सू. ६।१५।५१।३२ ल १।२६।१।५६ भरणी-<br>भुक्तघ. ५९।५४ |
| कार्तिक १० गते कार्तिककृष्ण ५ मङ्गलवार | प्रत्यगस्तं गुरुः ५२ |
| कार्तिक १२ गते कार्तिककृष्ण ७ घ. २२।११<br>बृहस्पतिवार | अस्तं गुरुः कालांशैः |
| मार्ग ७ गते मार्गकृष्ण २ घ. १३।४४ सोमवार | रा घ १।२१ हरिहरज. |
| मार्ग ११ गते मार्गकृष्ण ७ घ. ५१।९ शुक्रवार | प्रागुदयं गुरुः १२ |
| पौष १० गते पौषकृष्ण ६ घ. २७।३४<br>शनैश्चरवार | दिनगतघटी ९।१४ जन्म घटी १०।४६ जन्म<br>श्रीमद्ब्रम्साहस्य कन्यापुत्री |

पौष १० गते पौषकृष्ण ६ घ. २७।३४ शनैश्चरवार
पौष २६ गते पौषशुक्ल ६ घ ४।५२ सोमवार

माघ ४ गते पौषशुक्ल १४ घ. २३।४१ सोमवार
फाल्गुन २२ गते फाल्गुनशुक्ल २ घ. २०।१४
उ. भा. २४।४२ आदित्यवार
फाल्गुन २६ गते फाल्गुनशुक्ल ६ घ. २।२ कृत्तिका
घ. १३।५ बृहस्पतिवार
चैत्र ८ गते चैत्रकृष्ण ३ घ. २४।२५
सोमवार

ल २।२१ रा. घ. ८।२८ श्रीरुद्रदत्तपु १
रा. घ २८ लक्ष्मीनारायणपुत्रः रात्रिशेषघटी २।३
जन्म भौमारंभे

रा. घ. १९।२७ श्रीपुरणसाहपुत्रः ल. ६।१५

प्राणनाथस्य विवाहः

रात्रौ विवाह १५।७ स्वामिनः

ल २।४।२५ घ ११।१८ घटी ल २।२०।३०
श्रीवाणीविलासपंडितपुत्रः २

# न्हुःपुखु वा रानीपोखरी

कान्तिपुर शहरको शोभा बढाउने कुराहरूमा रानीपोखरी पनि पर्न आउँछ । हुन पनि रानीपोखरी र त्यसको माझमा रहेको देवल तथा त्यसको दक्षिणपट्टि रहेको ठूलो हात्ती त्यसमाथि बसेको राजपरिवार आदि दर्शनीय कुराहरूद्वारा रानीपोखरीले दर्शकहरूको मनलाई आनन्द दिन्छ । विशेष मनोरञ्जनका साधन कम भएको उपत्यकाका बासिन्दाहरू यस्तै रानीपोखरी आदि केही कुराहरू हेरी केहीनकेही आनन्द लिने गर्छन् । केही दिन पहिले त रानीपोखरीमा माटरबोट दौडाइनाले रानीपोखरी रसिकहरूको मन बहलाउने ठाउँ बन्न गएको थियो । परन्तु इतिहासकारको मन अहिलेकै अवस्था हेरेर उहिले पनि रानीपोखरी मनोरञ्जनको ठाउँ नै थियो होला भनी मान्न सक्तैन । सो पोखरीका निर्माता राजा सामुन्ने ढुङ्गे हात्तीमा चढेर आफूले बनाएको पोखरीमा अनौठो मोटरबोट दौडेको देख्न सक्ने भएका भए कुन उद्देश्यले बनाएको कुरा समयले गर्दा कुन रूपमा परिणत हुन पुग्दो रहेछ भनी जिल्ल पर्दा हुन् तथा आफ्नो कीर्ति बिग्रेकोमा उनलाई शोक पनि उठ्तो हो । परन्तु त्यो ढुङ्गे मूर्तिले न बोल्न सकोस्, न सो काम रोक्न सकोस् । जे होस्, इतिहासकारको कामचाहिँ यो कुरो पहिले यस उद्देश्यले बनेको थियो आदि कुरा प्रकाशमा ल्याउने हुँदा यस निबन्धमा रानीपोखरीबारे जानेबुझेका केही कुरा लेख्न लागेको छु ।

वीरअस्पताल क्याम्पभित्रको पूर्वतिरको पर्खालनिरको एक शिलालेख, हाल नाचघरको ढोकाको भित्तामा टाँसिएको एक शिलालेख र सेतो दरबारभित्रको एक शिलालेख गरी जम्मा नेपाली भाषामा लेखिएका रानीपोखरीसम्बन्धी एकै बेहोराका तीनवटा शिलालेख प्रकाशमा आएका छन् । रानीपोखरीभित्रै देवलको उत्तरपट्टि पाखामा नारायणको पादपीठमा रहेको यस रानीपोखरीसम्बन्धी अर्को अभिलेख पनि प्रकाशमा आएको छ तथा सो हात्तीको घाँटीमा रहेको अभिलेख पनि प्रकाशमा आएको छ। यी अभिलेख तथा वंशावली आदिको आधारमा रानीपोखरी कसले बनाए सो बनाउनामा कुन उद्देश्य थियो, यसको रानीपोखरी भन्ने नाम कसरी रह्यो भन्ने कुरा हामी बुझ्न सक्छौं । त्यसैले पहिले नेपाली भाषामा लेखिएको रानीपोखरीसम्बन्धी अभिलेख यहाँ उद्धृत गरिन्छ—

ओं नमः श्रीश्रीश्रीकालिकायै ॥ शस्त्रशास्त्रसंगितादिसकलविद्यापारगमहाराजाधिराजनेपालेश्वरविदग्धचूडामणिसकलराजचक्राधीश्वरश्रीश्रीराजराजेन्द्रकवीन्द्रजयप्रतापमल्लदेवेन, श्रीश्रीश्रीपरमेश्वरपरमेश्वरीब्रह्मभूमि नेम कृतं ॥ अतः परं भाखा ॥ श्रीश्रीजयप्रतापमल्लदेवेन, आफुले शास्त्र हेरिकन. असंख्यात पुन्य देखिकन निकासिकन, गङ्गा आदि नाना तिर्थको जल लेइकन महाराजाधीराज नेपालेश्वर राजराजेन्द्र श्रीश्रीजयचक्रवर्त्तेन्द्रमल्लदेवको नामले बनायाको पोषरिमाहा राष्याको छ ॥ श्रीवारानशिको गंगाजल ॥ श्रीवैद्यनाथको गङ्गाजल ॥ श्रीवाग्मतिको जल भारि १०६४१ ॥ श्रीशंषमुलको जल ॥ श्रीपनतीतिर्थको संगमको जल ॥ श्रीगण्डकिको जल ॥ श्रीकौशिकिको जल । श्रीसुन्दरि नदिको जल बहाइकन पोषरि भन्या ॥ श्रीनीलकंठको जल भारि ६३ ॥ श्रीविशनुमतिको जल ॥ श्रीविश्वनाभको जल बहाइकन, आफुले संकल्प गरिकन, पानी राष्यो ॥ श्रीतिचायको जल ॥ श्रीवागेश्वरको जल ॥ श्रीमनमतिको जल ॥ श्रीशंखदहको जल ॥ श्रीकागेश्वरको जल ॥ श्रीवाग्मतिनाभको जल ॥ श्रीसपनतीर्थको जल ॥ श्रीकोमतिको जल ॥ श्रीडाह्म टुको जल ॥ श्रीबालानिलकंठको जल ॥ श्रीत्याङाको जल ॥ श्रीमशिलको जल ॥ श्रीथयपिको जल ॥ श्रीसप्तकौशिकिको जल ॥ श्रीतौदहको जल ॥ श्रीक्वटुबालको जल ॥ श्रीमातातिर्थको जल ॥ श्रीइन्द्रदहको जल ॥ श्रीगोकर्णको जल ॥ श्रीग्यानवापिको जल ॥ श्रीपशुकुण्डको जल ॥ श्रीसीताकुण्डको जल ॥ श्रीटेपुदोभानको जल ॥ श्रीहनुमन्तघाटको जल ॥ श्रीगोलहिटिदहको जल ॥ श्रीज्वालामुषिको जल ॥ श्रीमुक्तिक्षेत्रको जल ॥ श्रीकालिगण्डकिको जल ॥ श्रीश्वेतगण्डकिको जल ॥ श्रीसरजुगंगाको जल ॥ श्रीमालिकाको जल ॥ श्रीपातालगंगाको जल ॥ श्रीप्याग, गङ्गा जमुना, सरस्वति त्रिवेनीको जल ॥ श्रीकमलेस्वरीको जल ॥ श्रीसप्तगण्डकिको जल ॥ श्रीवाराहाक्षेत्रको जल ॥ श्रीगंगासागरको जल ॥ श्रीसमुद्रको जल ॥ श्रीअनन्तलिंगको जल ॥ श्रीशिपाडोलको जल ॥ एति तिर्थको जल एक एक तिर्थको अनेक अनेक फल, एति तिर्थ सबै यो पोषरिमाहा छ, यो पोषरिमाहा स्नान गरिकन देवतर्प्पन पितरतर्प्पण संध्या आदि समस्त कर्म्म, जसले गर्‍यो एति तीर्थमाहा स्नान गर्‍याको कर्म्म गर्‍याको पुन्य फल पावनु छ, टेटन ढोषाबाहिर पनालिमाथिको देवलले सदावर्ती गुठिको षेत, जमल, ट्वाकचलको दक्षिन, टुसागाल देवल, श्रीउपाध्याको पनालि बालमसान पश्चिम, उमदेको देवल कुलादेषि मासबखेलको उत्तर, असन पनालिमाथिको चौरको देवल श्रीकान्तिपुरनगरको पुर्व्व ॥ एति भुमिमध्यमहाँ धर्नु रोजो हात्मारु गर्नु आत्महत्या आदि कसैले केहि पाप यो पोषरिमहा

गर्नो नाहि, कसैले गऱ्या हुदा कोटि अगम्यागमन, कोटि अभक्ष्याभक्षन, कोटि ब्रह्महथ्या कोटि गोहथ्या, कोटि गुरुहथ्या, कोटि बालहथ्या कोटि स्त्रिहत्या, कोटि शिवलिगध्वंशन, गऱ्याको पाप, एति तिर्थमाहा पाप गऱ्याको, एति तिर्थमाहा बस्याको श्रीश्रीश्रीपरमेश्वर परमेश्वरी नास्याको पाप, तस्का सिर, कदाचित् हठ गरिवस्या हुदा रह्या हुदा, घिस्याइ अफाल्या बाध्या टिल्या, प्राश्रित नाहि, दृष्टसाक्षि श्रीआदित्य, श्रीचन्द्रमा, अग्नि, पृथिव, जल, आकास, वायु, आत्मा, यम, दिन, रात्रि, संध्या, धर्म्म, श्रीब्राह्मण, पाच प्रधान पाच ।। पस मगर पाच ।। श्रीशाके १५९२ कार्त्तिकशुदिपूर्णिमा ।। थ्व साहासन सुनानं सेनकरसा, पिचिरथिचिर यातसा, गुप्त यातसा आखर छ्यवर तनसां सुतसां, थे ह्मास्य तक्व हथ्या पाप राक जुरो ।। सुनानं थ्व साहासन निदान याङान भिनकरसा थे थाको पुन्य राक जुरो ।। सम्वत् ७९० आश्विनमासे शुक्लपक्ष ।। पूर्ण्णमास्यान्तियौ उत्रभद्रनक्षत्र ध्रुवजोगे सोमवाल थ्व कुन्हु ।। ।। लिषितं श्रीकृश्नदेवमिश्र ।। शुभमस्तु

(प्रताप मल्लको रानीपोखरीको वि. सं. १७२७ को अभिलेख)[1]

यसबाट वि. सं. १७२७ मा कान्तिपुरका राजा प्रताप मल्लले आफ्ना छोरा चक्रवर्तेन्द्र मल्लको नामले यो पोखरी बनाएका हुन् भन्ने बुझिन्छ । चक्रवर्तेन्द्र, प्रताप मल्लका मन परेका छोरा थिए । उनी कडा बेरामी हुँदा प्रताप मल्लले उनलाई राजा घोषणा गरी उनको नाममा टकसमेत चलाइदिएका थिए । परन्तु चक्रवर्तेन्द्रको वि. सं. १७२६ मा मृत्यु भयो । यसबाट प्रताप मल्लको मनमा चोट पऱ्यो, सो चोट शान्त पार्नाका लागि तथा दिवंगत छोराको उद्धार होस् भन्नाका लागि उनले चक्रवर्तेन्द्रको नाउँमा यो पोखरी बनाउन लगाए । प्रताप मल्ल स्वयं पढ्ने प्रवृत्तिका राजा थिए । यसैले शास्त्र पल्टाई हेर्दा यस्तो पोखरी बनाएको खण्डमा असंख्य पुण्य होला भन्ने उनको मनमा लागेको थियो । यस पोखरीमा नेपाल अधिराज्यका प्रसिद्ध तीर्थहरूको तथा भारतका केही प्रसिद्ध तीर्थहरूको पानी ल्याएर राखिएको थियो । वाग्मतीको मात्रै दश हजार छ सय एकचालीस भारी जल ल्याइएको थियो । यसरी यो पोखरी बनाउन प्रताप मल्लले प्रशस्त परिश्रम गरेको तथा पैसा खर्च गरेको देखिन्छ । यस पोखरीमा देवतर्पण पितृतर्पण गरियो भने यस शिलालेखमा उल्लिखित तीर्थमा स्नान गरेको पुण्य होला भनी उनले बोलेका छन् ।

पछि प्रताप मल्लका नाती, पार्थिवेन्द्र मल्लका छोरा भूपालेन्द्र मल्लकी रानी भुवनलक्ष्मीले त्यस पोखरीको संस्कार गरी पूर्ण पारिदिएकीले यस पोखरीको नाम रानीपोखरी रहन गएको हो । सो कुरा वंशावलीको यस वाक्यबाट बुझिन्छ—

भुवनलक्ष्मी रानीले संपूर्ण गरी पछि रानीपोषरी भनि प्रख्यात गऱ्या ।

नयाँ बनाइएको हुँदा यो पोखरी नेवारी भाषामा चाहिँ न्हूःपुखु भन्ने नामले प्रसिद्ध भयो । अहिलेसम्म पनि नेवारी भाषामा यो पोखरीलाई न्हूःपुखु भन्दैछन् । वि. सं. १७४८ मा पूर्वका बादशाह (विजय-

१. इतिहास–संशोधनको प्रमाण–प्रमेय मूल भागका ८२–८४ पृष्ठ ।

पुरका हिन्दुपति राजा) कान्तिपुर आउँदा त्यस बेलाका कान्तिपुरका राजा भूपालेन्द्र मल्लले उनलाई यहीं न्हुः-पुखुसम्म लिन गएको उल्लेख तात्कालिक ठ्यासफुमा पाइन्छ—

सं. ८११ आश्विनशुक्ल । पञ्चमी अनुराधनक्षत्र बुधवार थ्व कुन्हु पूर्वया पातसाहजु यंस दुहा वव. न्हुरपुखुरतो श्री २ भूपारेन्द्रमल्ल जुजुनं र स्वर बिज्याक. मा किसि छत्पस देश बिव ।

[ने. सं. ८११ (वि. सं. १७४८) आश्विनशुक्ल पञ्चमी अनुराधानक्षत्र बुधवारका दिन पूर्वका बादशाह कान्तिपुर पस्नुभयो । न्हुःपुखुसम्म श्रीश्रीभूपालेन्द्र मल्ल राजाले उहाँलाई लिन जानुभयो । एउटा ढोइ कान्तिपुरलाई दिइयो ।]

यसबाट यस ताका पनि रानीपोखरीलाई न्हुःपुखु भनी भनिन्थ्यो भन्ने कुरा थाहा पाइन्छ ।

रानीपोखरीको ठूलो ढुङ्गे हात्ती प्रताप मल्लले राखेका हुन् भन्ने कुरा त्यस हात्तीको थाँटीमा कुँदिएको अभिलेखबाट स्पष्ट बुझिन्छ । हुनत जीर्णोद्धार गरिँदा कतै अक्षर खुकिएको र कतै अक्षरमा सिमेण्टले छोपिएको हुँदा जम्मै अक्षर पढ्न सकिँदैन । त्यहाँ संवत् पनि देखिँदैन तैपनि बाँकी रहेका अक्षरबाट पनि सो हात्ती प्रताप मल्लले राखेका हुन्, सो हात्तीमा चढेका पुरुष प्रताप मल्ल, चक्रवर्तेन्द्र मल्ल, महीपतेन्द्र मल्ल हुन् भन्ने थाहा पाइन्छ । सो अभिलेख यस प्रकारको छ—

[शस्त्रशा]स्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज नेपालेश्वरविदग्धचूडाम(णि)... सारिक ज्यातकाओ श्रीश्रीराजराजेन्द्र कवीन्द्र... रक देवस...श्रीराज...[चक्रव]र्तेन्द्रमल्लदेवस सालिक श्रीश्रीजयमहीपतेन्द्रमल्लदेवस सालिक थ्व सोह्मस सालिक ज्यातकाओ... [शि]वलिङ्ग स्थापन या...सम्वत्...दिन जुरो ।

(रानीपोखरीको हात्तीको अभिलेख[२])

यो हात्तीको सूँडको भाग साधारण हात्तीको जस्तो छैन । त्यहाँ तान्त्रिक विचारधाराअनुसार कुनै वेताल आदिको मूर्ति कुँदिएको छ । त्यसको के अर्थ हो, हामीले बुझ्न सकेका छैनौं ।

उत्तरपट्टि रहेको विष्णुमूर्ति पनि चक्रवर्तेन्द्रको नाउँले प्रताप मल्लले स्थापना गरेका हुन्, सो कुरा त्यही विष्णुमूर्तिको पादपीठको अभिलेखबाट थाहा पाइन्छ ।[३]

यति कुराबाट न्हुःपुखु वा रानीपोखरीसम्बन्धी थाहा पाइने जति कुरा बुझ्न पाठकलाई सजिलो भयो होला भन्ने आशा छ ।

---

२. अभिलेखसंग्रह तेस्रो भागको २६ पृष्ठ ।

३. अभिलेखसंग्रह तेस्रो भागको २४–२५ पृष्ठ ।

# श्री ५ सुरेन्द्रकी बडामहारानी सुरराजलक्ष्मीदेवीले श्री ३ जङ्गबहादुरलाई लेखेको पत्र[1]

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजपट्टराज्ञीश्रीश्रीश्रीसुरराजलक्ष्मीदेवीनां सदा सौभाग्यधर्मशीलवतीनाम् ।

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीसमधि महाराज जङ्गबहादुर राणा जी. सी. बी. प्राइम्मिनिष्टर यांड कम्यांडर इनचिफके आशिषपूर्वकपत्रमिदम्. जाहा कुशल. ताहा कुशल चाहिये. आगे जाहाको समाचार भलो छ. पौषवदि ४ ए शुदि १० माघवदि १ रोज २।७।१ का दिन[2] मुकाम् बयरवनाबाट र पथरा

---

१. यो पत्र मेरो सङ्ग्रहमा छ ।

२. यी दिनका पञ्चाङ्ग यस प्रकारका छन् —

वि. सं. १९१७ पौषकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| पौष | १९ | सोम | चतुर्थी | ५३ | ५१ |

(पात्रोबाट)

वि. सं. १९१७ पौषशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | १० | सोम | दशमी | ४० | ५६ |

(पात्रोबाट)

सोमवार लेख्नुपर्नेमा भूलले मूलमा शनैश्चरवार लेखिएको छ ।

वि. सं. १९१७ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | १६ | आदित्य | परेवा | ३६ | ५२ |

(पात्रोबाट)

बक्रानदि नक्सरवारिबाट लेष्याका पत्र ३ पौषशुदि ११ माघवदि २।६ रोज ३।२।६ (का दिन)[३] आइपुग्या. पत्रले बिस्तार जाहेर भयो. उप्रांत बाघ, भालु, गैंडा, अर्ना मारियाको र हाति २ पक्रियाको बिस्तारसहित कुशल क्षेमको बिस्तार विंति गरि पठाउन्या काम बढिया गर्‍याछौ. हामि श्री ५ सर्कारहरु सबैका गाथमा आराम छ. श्री ५ बलिअहद महाराजाधिराजका गाथमा आराम् हुंदै आयाको छ. मैजा नानिलाइ नजरको बेराम् (आ)राम हुंदै आयाको छ. षोकि र जगो उत्तिकै छ. इति संवत् १९१७ साल मिति माघवदि ६ रोज ६[४] मुकाम् दर्बार शुभम्

---

३. यी दिनका पञ्चाङ्ग यस प्रकारका छन्—

वि. सं. १९१७ पौषशुक्ल

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| माघ | ११ | मङ्गल | एकादशी | ४३ | ३१ | (पात्रोबाट) |

वि. सं. १९१७ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| माघ | १७ | सोम | द्वितीया | ३२ | ३० | (पात्रोबाट) |

वि. सं. १९१७ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| माघ | २१ | शुक्र | षष्ठी | ९ | ५४ | (पात्रोबाट) |

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ —

वि. सं. १९१७ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| माघ | २१ | शुक्र | षष्ठी | ९ | ५४ | (पात्रोबाट) |

# विक्रमसंवत् र ईसवी संवत्को परिवर्तन

विक्रमसंवत् ० हुँदा मेषसङ्क्रान्तिको वारादि ६।१५।५३ हुन्छ अर्थात् विक्रमसंवत् ० हुँदा काठमाडौँमा शुक्रवार १५ घडी ५३ पला जाँदा वैशाख लाग्ने सङ्क्रान्ति परेथ्यो ।

पहिलो कोष्ठ

| वर्ष | वार | घडी | पला | वर्ष | वार | घडी | पला |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १५ | ३१ | ७० | ४ | ६ | ४७ |
| २ | २ | ३१ | ३ | ८० | २ | ४२ | २ |
| ३ | ३ | ४६ | ३५ | ९० | १ | १७ | १७ |
| ४ | ५ | २ | ६ | १०० | ६ | ५२ | ३२ |
| ५ | ६ | १७ | ३८ | २०० | ६ | ४५ | ५७ |
| ६ | ० | ३३ | ९ | ३०० | ६ | ३७ | ३७ |
| ७ | १ | ४८ | ४१ | ४०० | ६ | ३० | ९ |
| ८ | ३ | ४ | १२ | ५०० | ६ | २२ | ४२ |
| ९ | ४ | १९ | ४४ | ६०० | ६ | १५ | १४ |
| १० | ५ | ३५ | १५ | ७०० | ६ | ७ | ४६ |
| २० | ४ | १० | ३० | ८०० | ६ | ० | १९ |
| ३० | २ | ४५ | ४६ | ९०० | ५ | ५२ | ५१ |
| ४० | १ | २१ | १ | १००० | ५ | ४५ | २३ |
| ५० | ६ | ५६ | १६ | २००० | ४ | ३० | ४७ |
| ६० | ५ | ३१ | ३१ | ३००० | ३ | १६ | १० |

पहिलो कोष्ठ

| वर्ष | वार | घडी | पला | वर्ष | वार | घडी | पला |
|---|---|---|---|---|---|---|---|
| ४००० | २ | १ | ३३ | ९००० | २ | ४८ | ३० |
| ५००० | ० | ४६ | ५७ | १०००० | १ | ३३ | ५३ |
| ६००० | ६ | ३२ | २० | | | | |
| ७००० | ५ | १७ | ४३ | | | | |
| ८००० | ४ | ३ | ७ | | | | |

दोस्रो कोष्ठ

| | महीनामा हुने दिनादि | | | मेषसङ्क्रान्तिपछि आउने दिनादि | | | मेषसङ्क्रान्तिको वारादिको क्षेपक (जोड्नुपर्ने) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सङ्क्रान्ति | दिन | घडी | पला | दिन | घडी | पला | वार | घडी | पला |
| मेष (वैशाख) | ३० | ५६ | २९ | ० | ० | ० | ० | ० | १ |
| वृष (ज्येष्ठ) | ३१ | २४ | ४९ | ३० | ५६ | २९ | २ | ५६ | २९ |
| मिथुन (आषाढ) | ३१ | ३८ | १ | ६२ | २१ | १८ | ६ | २१ | १८ |
| कर्क (श्रावण) | ३१ | २८ | १३ | ९३ | ५९ | १९ | २ | ५९ | १९ |
| सिंह (भाद्र) | ३१ | १ | ५० | १२५ | २७ | ३२ | ६ | २७ | ३२ |
| कन्या (आश्विन) | ३० | २६ | ४२ | १५६ | २९ | २२ | २ | २९ | २२ |
| तुला (कार्तिक) | २९ | ५३ | १३ | १८६ | ५६ | ६ | ४ | ५६ | ६ |
| वृश्चिक (मार्ग) | २९ | २९ | ५० | २१६ | ४९ | १७ | ६ | ४९ | १७ |
| धनु (पौष) | २९ | १९ | ३४ | २४६ | १९ | ७ | १ | १९ | ७ |
| मकर (माघ) | २९ | २७ | १७ | २७५ | ३८ | ४१ | २ | ३८ | ४१ |
| कुम्भ (फाल्गुन) | २९ | ४८ | ४३ | ३०५ | ५ | ५८ | ४ | ५ | ५८ |
| मीन (चैत्र) | ३० | २० | ५० | ३३४ | ५४ | ४१ | ५ | ५४ | ४१ |
| १ सौरवर्ष | | | | ३६५ | १५ | ३१ | | | |

१ प्रक्रम– वैशाख लाग्ने सङ्क्रान्तिको वारादि ल्याउने रीति

विक्रमसंवत्को सङ्ख्यालाई उपकरण मानी पहिलो कोष्ठबाट वार घडी पला ल्याउनू अर्थात्

बिक्रमसंवत्का सङ्ख्याको एकस्थानी दशस्थानी शतस्थानी सहस्रस्थानी अङ्कका दायाँतिरका वार घडी पला ल्याई जोड्नू । पलाको सङ्ख्या ६० भन्दा बढ्ता भए ६० ले भाग लिई लब्धि घडीमा जोड्नू, शेषलाई पला मान्नू । घडीको सङ्ख्या ६० भन्दा बढ्ता भए ६० ले भाग लिई लब्धिलाई वारमा जोड्नू, शेषलाई घडी मान्नू । वारको सङ्ख्या ७ भन्दा बढ्ता भए ७ ले भाग लिई लब्धि फालिदिनू, शेषलाई वार मान्नू ।

यसरी बिक्रमसंवत्बाट आएको वार घडी पलामा पहिलो कोष्ठको शिरमा दिइएको क्षेपक (६ वार १५ घडी ५३ पला) जोड्नू, मेषसङ्क्रान्तिको (वैशाख लाग्ने सङ्क्रान्तिको) वारादि आउँछ ।

१= आइतवार    ३= मङ्गलवार    ५= बृहस्पतिवार
२= सोमवार    ४= बुधवार    ६= शुक्रबार    ० (७) = शनैश्चरबार

१ उदाहरण

बि. सं. २०२१ को वैशाख लाग्ने सङ्क्रान्तिको वारादि ल्याऊ ।

| संवत | वार | घडी | पला |
|---|---|---|---|
| २००० | ४ | ३० | ४७ |
| २० | ४ | १० | ३० |
| १ | १ | १५ | ३१ |
| २०२१ | ९ | ५५ | १०८ |
| | २ | १ | ४८ |
| | | ५६ | |

६०)१०८(१
६०
४८

| | वार | घडी | पला |
|---|---|---|---|
| बिक्रमसंवत्बाट आएको वारादि | २ | ५६ | ४८ |
| क्षेपक वारादि | ६ | १५ | ५३ |
| | ८ | ७१ | १०१ |
| | १ | १ | |
| | | | ४१ |
| | ९ | ७२ | |
| | २ | १२ | |

६०)१०१(१
६०
४१

६०)७२(१
६०
१२

७)९(१
७
२

यस कारण वि. सं. २०२१ को मेषसङ्क्रान्ति सोमवार १२ घडी ४१ पला जाँदा पर्छ ।

विक्रमसंवत्बाट ५७ घटाइदिओ भने ईसवी संवत् हुन्छ ।

वैशाखसङ्क्रान्तिमा विक्रमसंवत्को प्रारम्भ हुन्छ ।

ईसवी संवत्को प्रारम्भचाहिँ जनवरीको १ तारीखदेखि हुन्छ । जनवरीको १ तारीख पौषतिर पर्छ ।

जनवरीको १ तारीखदेखि वैशाखसङ्क्रान्ति नआएसम्म (चैत्रमासान्तसम्म) विक्रमसंवत्बाट ५६ घटाई ईसवी संवत् ल्याउनुपर्छ ।

जुन ईसवी संवत्लाई ४ ले निःशेष भाग लाग्छ, त्यसलाई अधिकवर्ष मान्ने र सो वर्षमा फरवरीमा २९ दिन मान्ने चलन छ ।

ईसवी संवत १७५१ सम्म यही चलन चलेको थियो । त्यसपछि ईसवी संवत् १७५२ को आरम्भदेखि (वि. सं. १८०८ को पौषदेखि) जुन ईसवी संवत्लाई १०० ले निःशेष भाग लाग्छ, त्यसलाई ४ ले निःशेष भाग लागे तापनि ४०० ले निःशेष भाग नलागेमा अधिकवर्ष नमान्ने, ४०० ले निःशेष भाग लाग्ने ईसवी संवत्लाई भने अघि जस्तै अधिकवर्ष नै मान्ने संशोधनसमेतको माथिको रीतअनुसार गणना गर्ने चलन अङ्ग्रेजहरूले चलाए ।

तेस्रो कोष्ठको पहिलो भाग

मार्च १ तारीखदेखि आउने दिन

| | साधारण वर्षमा | अधिक वर्षमा |
|---|---|---|
| मार्च | ० | |
| अप्रेल | ३१ | |
| मे | ६१ | |
| जून | ९२ | |
| जुलाई | १२२ | |
| अगस्त | १५३ | |
| सितम्बर | १८४ | |
| अक्टोबर | २१४ | |
| नवम्बर | २४५ | |
| दिसम्बर | २७५ | |

| | | साधारण वर्षमा | अधिक वर्षमा |
|---|---|---|---|
| पछि- | जनवरी | ३०६ | |
| ल्लो | फरवरी | ३३७ | |
| वर्ष- | मार्च | ३६५ | ३६६ |
| मा | अप्रेल | ३९६ | ३९७ |

तेस्रो कोष्ठको दोस्रो भाग

| | महीनामा हुने दिन | | जनवरीको सङ्क्रान्ति (१ तारीख) देखि आउने दिन | |
|---|---|---|---|---|
| महीना | साधारण वर्षमा | अधिक वर्षमा | साधारण वर्षमा | अधिक वर्षमा |
| जनवरी | ३१ | ३१ | ० | ० |
| फरवरी | २८ | २९ | ३१ | ३१ |
| मार्च | ३१ | ३१ | ५९ | ६० |
| अप्रेल | ३० | ३० | ९० | ९१ |
| मे | ३१ | ३१ | १२० | १२१ |
| जून | ३० | ३० | १५१ | १५२ |
| जुलाई | ३१ | ३१ | १८१ | १८२ |
| अगस्त | ३१ | ३१ | २१२ | २१३ |
| सितम्बर | ३० | ३० | २४३ | २४४ |
| अक्टोबर | ३१ | ३१ | २७३ | २७४ |
| नवम्बर | ३० | ३० | ३०४ | ३०५ |
| दिसम्बर | ३१ | ३१ | ३३४ | ३३५ |
| | | | ३६५ | ३६६ |

पुरानो रीतिअनुसार गणना गर्दा यो चारौँ कोष्ठ काम लाग्छ ।

ईसवी संवत् १७५२ को सेप्टेम्बरसम्म (वि. सं. १८०९ को आश्विनसम्म, यही वर्ष ३ सेप्टेम्बर १४ सेप्टेम्बर मानियो ।) यो काम लाग्छ । यस कोष्ठका वर्ष सबै अधिक वर्ष हुन् ।

पुरानो रीति (४ ले निःशेष भाग लाग्ने ईसवी संवत् जति अधिक वर्ष मान्ने रीति) अनुसार ईसवी संवत् ० मार्च १४ तारीख ० घडी ३६ पला हुँदा काठमाडौँमा मेषसङ्क्रान्ति हुन्छ । यस वेला विक्रम-संवत् ५७ हुन्छ ।

## चारौँ कोष्ठ

| शतक | अन्तर | | |
|---|---|---|---|
| | दि. | घ. | प. |
| १०० | ० | ५२ | ३२ |
| २०० | १ | ४५ | ४ |
| ३०० | २ | ३७ | ३७ |
| ४०० | ३ | ३० | ९ |
| ५०० | ४ | २२ | ४१ |
| ६०० | ५ | १५ | १४ |
| ७०० | ६ | ७ | ४६ |
| ८०० | ७ | ० | १८ |
| ९०० | ७ | ५२ | ५१ |
| १००० | ८ | ४५ | २३ |
| ११०० | ९ | ३७ | ३५ |
| १२०० | १० | ३० | २७ |
| १३०० | ११ | २३ | ० |
| १४०० | १२ | १५ | ३२ |
| १५०० | १३ | ८ | ४ |
| १६०० | १४ | ० | ३७ |
| १७०० | १४ | ५३ | ९ |
| १८०० | १५ | ४५ | ४२ |
| १९०० | १६ | ३८ | १४ |
| २००० | १७ | ३० | ४७ |
| ४००० | ३५ | १ | ३४ |

## पाँचौँ कोष्ठ

पुरानो नयाँ दुवै रीतिमा काम लाग्ने । ☛ यो चिह्न परेका वर्ष अधिक वर्ष हुन् ।

| वर्ष | अन्तर | | |
|---|---|---|---|
| | दि. | घ. | प. |
| १ | ० | १५ | ३१ |
| २ | ० | ३१ | ३ |
| ३ | ० | ४६ | ३४ |
| ☛ ४ | ० | २ | ६ |
| ५ | ० | १७ | ३७ |
| ६ | ० | ३३ | ९ |
| ७ | ० | ४८ | ४० |
| ☛ ८ | ० | ४ | १२ |
| ९ | ० | १९ | ४३ |
| १० | ० | ३५ | १५ |

| वर्ष | अन्तर दि. | घ. | प. |
|---|---|---|---|
| ११ | ० | ५० | ४० |
| १२ | ० | ६ | १८ |
| १३ | ० | २१ | ४९ |
| १४ | ० | ३७ | २१ |
| १५ | ० | ५२ | ५२ |
| १६ | ० | ८ | २४ |
| १७ | ० | २३ | ५५ |
| १८ | ० | ३९ | २७ |
| १९ | ० | ५४ | ५८ |
| २० | ० | १० | ३० |
| २१ | ० | २६ | १ |
| २२ | ० | ४१ | ३३ |
| २३ | ० | ५७ | ४ |
| २४ | ० | १२ | ३६ |
| २५ | ० | २८ | ७ |
| २६ | ० | ४३ | ३९ |
| २७ | ० | ५९ | १० |
| २८ | ० | १४ | ४२ |
| २९ | ० | ३० | १३ |
| ३० | ० | ४५ | ४५ |
| ३१ | १ | १ | १६ |
| ३२ | ० | १६ | ४८ |
| ३३ | ० | ३२ | १९ |
| ३४ | ० | ४७ | ५१ |
| ३५ | १ | ३ | २२ |
| ३६ | ० | १८ | ५४ |
| ३७ | ० | ३४ | २५ |
| ३८ | ० | ४९ | ५७ |
| ३९ | १ | ५ | २८ |
| ४० | ० | २१ | ० |

| वर्ष | अन्तर दि. | घ. | प. |
|---|---|---|---|
| ४१ | ० | ३६ | ३१ |
| ४२ | ० | ५२ | ३ |
| ४३ | १ | ७ | ३५ |
| ४४ | ० | २३ | ६ |
| ४५ | ० | ३८ | ३८ |
| ४६ | ० | ५४ | ९ |
| ४७ | १ | ९ | ४१ |
| ४८ | ० | २५ | १२ |
| ४९ | ० | ४० | ४४ |
| ५० | ० | ५६ | १६ |
| ५१ | १ | ११ | ४७ |
| ५२ | ० | २७ | १९ |
| ५३ | ० | ४२ | ५० |
| ५४ | ० | ५८ | २२ |
| ५५ | १ | १३ | ५३ |
| ५६ | ० | २९ | २५ |
| ५७ | ० | ४४ | ५६ |
| ५८ | १ | ० | २८ |
| ५९ | १ | १५ | ५९ |
| ६० | ० | ३१ | ३१ |
| ६१ | ० | ४७ | २ |
| ६२ | १ | २ | ३४ |
| ६३ | १ | १८ | ५ |
| ६४ | ० | ३३ | ३७ |
| ६५ | ० | ४९ | ८ |
| ६६ | १ | ४ | ४० |
| ६७ | १ | २० | ११ |
| ६८ | ० | ३५ | ४३ |
| ६९ | ० | ५१ | १४ |
| ७० | १ | ६ | ४६ |

| वर्ष | अन्तर दि. | घ. | प. |
|---|---|---|---|
| ७१ | १ | २२ | १७ |
| ☛ ७२ | ० | ३७ | ४९ |
| ७३ | ० | ५३ | २० |
| ७४ | १ | ८ | ५२ |
| ७५ | १ | २४ | २३ |
| ☛ ७६ | ० | ३९ | ५५ |
| ७७ | ० | ५५ | २६ |
| ७८ | १ | १० | ५८ |
| ७९ | १ | २६ | २९ |
| ☛ ८० | ० | ४२ | १ |
| ८१ | ० | ५७ | ३२ |
| ८२ | १ | १३ | ४ |
| ८३ | १ | २८ | ३५ |
| ☛ ८४ | ० | ४४ | ७ |
| ८५ | ० | ५९ | ३८ |
| ८६ | १ | १५ | १० |
| ८७ | १ | ३० | ४२ |
| ☛ ८८ | ० | ४६ | १३ |
| ८९ | १ | १ | ४५ |
| ९० | १ | १७ | १७ |
| ९१ | १ | ३२ | ४८ |
| ☛ ९२ | ० | ४८ | २० |
| ९३ | १ | ३ | ५१ |
| ९४ | १ | १९ | २३ |
| ९५ | १ | ३४ | ५३ |
| ☛ ९६ | ० | ५० | २६ |
| ९७ | १ | ५ | ५७ |
| ९८ | १ | २१ | २९ |
| ९९ | १ | ३७ | ० |

नयाँ रीतिअनुसार गणना गर्न यो छैटौँ कोष्ठ काम लाग्छ । ईसवी संवत् १७५२ को सेप्टेम्बरदेखि (वि. सं. १८०९ को आश्विनदेखि, यही वर्ष ३ सेप्टेम्बर १४ सेप्टेम्बर मानियो ।) यो काम लाग्छ । ☛ यो चिह्न परेका वर्ष अधिक वर्ष हुन् ।

नयाँ रीति (१०० ले निःशेष भाग लाग्ने ईसवीसंवत् जति ४ ले निःशेष भाग लागेमा पनि ४०० ले निःशेष भाग नलागेमा अधिक वर्ष नमान्ने रीति)अनुसार ईसवी संवत् ० मार्च १२ तारीख ० घडी ३१ पला हुँदा काठमाडौँमा मेषसङ्क्रान्ति हुन्छ । यस वेला विक्रमसंवत् ५७ हुन्छ ।

छैटौँ कोष्ठ

| शतक | अन्तर दि. | घ. | प. |
|---|---|---|---|
| १०० | १ | ५२ | ३२ |
| २०० | ३ | ४५ | ४ |
| ३०० | ५ | ३७ | ३७ |
| ☛ ४०० | ६ | ३० | ९ |
| ५०० | ८ | २२ | ४१ |
| ६०० | १० | १५ | १४ |
| ७०० | १२ | ७ | ४६ |
| ☛ ८०० | १३ | ० | १८ |

| शतक | अन्तर दि. | घ. | प. |
|---|---|---|---|
| ९०० | १४ | ५२ | ५१ |
| १००० | १६ | ४५ | २३ |
| ११०० | १८ | ३७ | ५५ |
| १२०० | १९ | ३० | २७ |
| १३०० | २१ | २३ | ० |
| १४०० | २३ | १५ | ३२ |
| १५०० | २५ | ८ | ४ |
| १६०० | २६ | ० | ३७ |
| १७०० | २७ | ५३ | ९ |
| १८०० | २९ | ४५ | ४२ |
| १९०० | ३१ | ३८ | १४ |
| २००० | ३२ | ३० | ४७ |
| ४००० | ६५ | १ | ३४ |
| ६००० | ९७ | ३२ | २१ |
| ८००० | १३० | ३ | ८ |
| १०००० | १६२ | ३३ | ५५ |

वि. सं. १९१७ मा प्रकाशित केरो लक्ष्मण छत्रेको ग्रहकोष्ठक तथा वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा ११ अङ्कमा छापिएको रामजी तेवारीको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीपनामक निबन्धका आधारमा माथिका सारणी बनाइएका छन् ।

का. मे. अ. द. नं. १५५।२४६

कार्यालय—

# संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौँ, नेपाल ।

वि. सं. २०४० चैत्र

यस अङ्कको मूल्य रु. १३।-

मुद्रक—

श्रृजना प्रिण्टर्स, ब्रह्मटोल, काठमाडौँ, नेपाल ।